सांसदको भूमिका महत्वपूर्ण हुनुपर्ने सांसद रायमाझीको भनाइ | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २५२ • २०८० साल माघ २५ गते बिहीबार (8 Feburary, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मेयरलाई जोगाउँदै सिडिओ, विरोधमा धर्ना

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानरपालिकाका मेयर राजेश मान सिंहले एक युवती रुवीना श्रेष्ठलाई वुवा बनेर नागरिकता दिलाएको विरुद्धमा परेको उजुरीहरुमाथि जिल्ला प्रशासन कार्यालय पर्साले अनुसन्धान थाल्न अनाकानी गरिरहेको छ । मेयर सिंहको विरुद्धमा विभिन्न सातवटा निकायमा उजुरी परेको छ तर कुनै निकायले अनुसन्धान नथालेको भन्दै स्थानीयबासीहरुले विरुद्धमा जिल्ला प्रशासन कार्यालय पर्सा अगाडि धर्ना दिएका थिए।




जिल्ला प्रशासन कार्यालयबाट नै अनुसूचि फारम र जन्मदर्ता प्रमाणपत्र गायब भएपछि अनुशन्धान अगाडि नबढाएको भन्दै गृहमन्त्रालय मातहतका जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि धर्ना दिइएको छ।

वीरगञ्ज महानगरका मेयर सिंहलेलेदिलाएकोकिर्तेनागरिकता काण्डमा दोषीलाई उन्मुक्ति दिने चलखेल भइरहेको भन्दै सचेत नागरिक समाज पर्साले जिल्ला प्रशासन कार्यालय पर्साको व्यानर सहितको धर्ना दिइएको छ। फर्जी विवरणको आधारमा नागरिकता दिलाएकोमा कारवाहीको माग गर्दै सचेत नागरिक समाज वीरगञ्ज पर्साले धर्ना गरेको छ।

जिल्ला प्रशासन कार्यालयको गेटमा दिउसो १२ बजे देखि सुरुभएको धर्ना २ घण्टासम्म चलेको थियो । १२ बजे देखि दिउँसो २ बजेसम्म धर्ना दिइएको नेपाल कांग्रेस क्षेत्र नम्बर २का क्षेत्रीय अध्यक्ष महमद शाहबुदिनले जनाए। अनुसन्धान फितलो भएको गति दिलाउन आफूहरुले धर्नाको कार्यक्रम जारी राख्ने उनको भनाइ थियो । किर्ते नागरिकता काण्डमा दोषीहरुलाई अहिलेसम्म कारबाहीको दायरामा ल्याउन नसक्नुको पछाडि कुन अदृश्य शक्तिले रोकेको नेता मोहमद सहाबुद्दिनले भने।

'आफ्नो बचाउमा मेयर सिंह अहिले विभिन्न राजनीतिक शक्ति केन्द्रमा धाउन थालेका छन्' सचेत नागरिक समाजका शशिकपुर मियाले भने , 'दोषीलाई उन्मुक्ति दिने कार्य कतैबाट देखियो भने अब हामी आमरण अनसन समेत बस्छौ।'

धर्ना कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका वीरगञ्ज महानगरका अध्यक्ष जलेश्वर सरार्फ, जनमतका मुकेश दिवेदी, नेकपा एमालेका प्रदेश सदस्य लियाकत अलि, संजय सिंह लगायतका उल्लेखनीय सहभागिता रहेको थियो।


यता पर्साका प्रहरी उपरिक्षक कोमल शाहले भने जिल्ला प्रशासन कार्यालयबाट माग गरिए बमोजिमको विवरण नआएकाले जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धान प्रक्रिया अघि बढ्न नसकेको बताए। 'हामीकहाँ उजुरी आए पनि नागरिकता लगायतको विवरण जिल्ला प्रशासन कार्यालयबाटै मागेको उनको भनाइ थियो । प्रशासनबाट यो प्रकरणसंग सम्बन्धित प्रमाणहरु प्राप्त भएपछि फैजदारी अभियोग दर्ता गरी प्रकृया अगाडि बढाउँछौँ,' प्रहरी उपरिक्षक शाहले भने। महानगरका मेयर सिंहले गरेको किर्ते नागरिकताको विषयमा गृह मन्त्रालय, अख्तियारसहित ७ ठाउँमा उजुरी परेको छ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा
डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र काम्नु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)
टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९





मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु
पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।
Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अधि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।
हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।
मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।
चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।
सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ ।
धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।
चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ ।
औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।
व्यायामको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
तुलसीयाही जब्दी, धनुषा, मधेश प्रदेश



महोत्तरीको  जलेश्वर नगरपालिका-१ स्थित बरूण सरोवरको दृश्य । तस्वीर : रासस

# सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्रीको सक्रियता

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता कार्यान्वयनका सम्बन्धमा सङ्घीय सरकारले गर्न बाँकी कार्यायोजना र हालसम्म भएका तथा कार्यान्वनमा देखिएका समस्याबारे बुधबार छलफल गरेका छन् ।



प्रधानमन्त्री प्रचण्डको अध्यक्षमा बुधबार सिंहदरबारमा बसेको राष्ट्रिय समन्वय परिषद् बैठकमा अन्तरप्रदेश परिषद्बाट स्वीकृत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयनको अवस्थाको समीक्षा गरी सम्पन्न हुन नसकेका कामको कारण पहिचान गरी उपयुक्त निकास दिने विषयमा छलफल भएको हो ।यसअघि प्रधानमन्त्री प्रचण्डकै अध्यक्षतामा विसं २०८० असार १६ गते राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक बसेको थियो । त्यस बैठकमा पनि सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी तुल्याउने विषयमा छलफल भएको थियो ।

बैठकमा कार्य विस्तृतीकरणलाई सरल, स्पष्ट र कार्यजिम्मेवारी नदोहोरिने गरी पारिमार्जन गरी अन्तिमरुप दिने र त्यसलाई कार्यान्वयनमा लैजाने गरी बैठकमा छलफल भएको छ । बैठकमा प्रदेश तथा स्थानीय तहको लागि मार्गदर्शक मानिने सङ्घीय निजामती सेवा ऐन जारी गर्न नसक्नुका कारण एवं संविधानको अनुसूची ७ र ९ बमोजिम साझा अधिकार सूचीको कार्यान्वयन गर्न आवश्यक ऐन, नियम र मापदण्डका विषयमा विचारविमर्श भएको छ ।

प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिलाई व्यवस्थित गर्न नसकिएको सन्दर्भलाई कसरी व्यस्थित गर्न सकिन्छ भन्ने विषयलाई गम्भीररूमा लिएको छ। तीन तहका सरकारका भूमिकामा देखिएको अस्पष्टतालाई निराकरण गर्नुपर्ने देखिएको छ । तीन तहका सरकारले आ-आफ्नो तवरले निर्णय गर्दै जाँदा निर्णय र प्रतिवेदनमा एकरुपता नहुनका साथै तीन तहका संरचनामा नियन्त्रण र सन्तुलन गर्नका लागि संरचना निर्माण गर्ने विषयलाई ध्यान दिनुपर्ने देखिएको हो । जहाँबाट एक सरकार र अर्को सरकारका बीचमा आउन सक्ने द्वन्द्वलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिइएको छ ।

स्थानीय सरकारले एकल अधिकारसम्बन्धी ऐन बनाउन सक्ने भए पनि सात सय ५३ स्थानीय तहले अलग-अलग ऐन बनाउँदा आइपर्ने समस्याबारे पनि गम्भीर छलफल गरेर त्यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिइएको छ । स्थानीय तह प्रतिपक्षरहित हुने भएकाले सन्तुलन कायम गर्ने तथा सबै स्थानीय तहको कानुन बनाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने विषयमा छलफल भएको छ। निर्वाचनलाई मितव्ययी बनाउन चाल्नुपर्ने कदमबारे पनि बैठकमा छलफल भएको थियो ।

**वित्तीय संघीयता कार्यन्वयनमा भएका उपलब्धि**

राष्ट्रिय योजना आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा तीनै तहलाई वित्तीय स्रोत विनियोजन भइरहेको छ । आयोगको सिफारिसमा प्रदेश सरकार तथा स्थानीय तहलाई विभिन्न चार प्रकारको अनुदान उपलब्ध हुँदै आएको छ ।

प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान तथा राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्थाअनुसार ससर्त अनुदान प्रदान हुँदै आएको छ । पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न सहभागितात्मक रुपमा प्रदान गरिने समपूरक अनुदान र सामाजिक विकास तथा सन्तुलित विकासका लागि प्रदान गरिने विशेष अनुदान उपलब्ध हुँदै आएको छ ।

अपवादबाहेक निर्धारित मितिमा नै सबै स्थानीय तह, प्रदेश सरकार र सङ्घको बजेट प्रस्तुत हुनु सङ्घीयताको असल अभ्यासका रुपमा हेरिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सालमा नै जारी भई वित्तीय स्रोत साधनको विभाजनको स्पष्ट कानुनी आधार बनी सोही आधारमा स्रोतको बाँडफाँट भइरहेको छ ।ऐन बनाएर कर उठाउने अभ्यास स्थानीय तहबाट हुन थालेको छ । अन्तरसरकारी वित्त परिषद्को आठौं बैठकबाट विकास आयोजना प्राथमिकीकरण गर्ने र दोहोरोपना हटाउने, स्रोतको उच्चतम उपयोग गर्ने, कराधारको विषयमा देखिएको दोहोरोपना हटाउने तथा वित्तीय सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्नेलगायत निर्णय भई कार्यान्वयन भइरहेको छ ।

**विद्यमान समस्या समाधानको पहल**

प्रदेश तथा स्थानीय तहहरुको सङ्घमाथिको वित्तीय निर्भरता कम गर्न प्रधानमन्त्री दाहालले विशेष प्राथमिकता दिएका छन् । उनले संविधानमा उल्लेख भएका अधिकारको प्रयोग गर्दै प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतको उचित परिचालनतर्फ ध्यान बढाउन निर्देशित गरे । उनले राजस्वका नयाँ-नयाँ स्रोतको पहिचान गरेर प्रदेश र स्थानीय तहलाई सबल तुल्याउनुपर्नेमा जोड दिएका छन् ।

**प्रशासनिक संघीयता अन्तर्गत भएका कार्य**

कर्मचारी समायोजन ऐन जारी गरी साविकका निजामती कर्मचारी स्थानीय निकायमा कार्यरत कर्मचारीलगायत विभिन्न समितिमा कार्यरत कर्मचारीलाई सङ्घ, प्रदेश तथा स्थानीय तहमा समायोजन भइसकेका छन् । प्रदेश सरकारको प्रशासनिक नेतृत्व गर्ने प्रमुख सचिव तथा सचिव सङ्घले खटाई पठाएको छ । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सङ्घीय सरकारबाट खटाइएको छ। सबै प्रदेशमा प्रदेश लोकसेवा आयोग गठन भएको छ ।

अन्तरप्रदेश परिषद्को निर्णयानुसार स्वीकृत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाबमोजिम अधिकांश कार्य सम्पादन भइसकेका छन् । सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित ऐन कानुन निर्माण भइरहेका छन् भने तीनको कार्यान्वयन पनि भइरहेका छन् ।सङ्घ र प्रदेशको प्रशासनिक समन्वयका लागि मुख्यसचिवको नेतृत्वमा प्रदेशका प्रमुख सचिवसहितको प्रशासनिक समन्वय परिषद् क्रियाशील छ । योजना आयोगको सिफारिसमा नेपाल सरकारले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड स्वीकृत भएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध), २०७७ को दफा १६ बमोजिम सङ्घ प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को बैठक बस्ने व्यवस्था गरिएको छ । परिषद्मा सङ्घीय सरकारका अर्थमन्त्री, कानुन न्याय तथा संसदीय मामिला मन्त्री, गृहमन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्रीहरु, प्रतिनिधिसभाको विपक्षी दलका नेता तथा निजले तोकेको सङ्घीय सांसद र प्रधानमन्त्रीले तोकेका स्थानीय तहका कम्तीमा तीन महिलासहित सात जना सदस्य रहने व्यवस्था छ ।

# विपि प्रतिष्ठानका विद्यार्थी पटक पटक आन्दोलीत

टुडे समाचारदाता

धरान । धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आन्दोलनका कारण पठनपाठन प्रभावित बनेपछि विद्यार्थीहरु अनशनमा बसेका छन् ।




पढ्न पाउने संवैधानिक अधिकार हनन् नगर्न र यथाशीघ्र पढाइ सुरु गर्न माग गर्दै विद्यार्थीहरू २४सै घण्टा रिले अनशनमा छन् । 'विद्यार्थीको इच्छा, स्वायत्त मेडिकल शिक्षा' नारासहित जारी रिले अनशनमा बसेका विद्यार्थीहरूको पूर्ण क्षमतामा पठनपाठन र परीक्षाका गतिविधि चाँडै सञ्चालन गरिनुपर्ने एक सूत्रीय माग छ ।

मेडिकल शिक्षाजस्तो मानव स्वास्थ्यसँग जोडिने संवेदनशील विषयमा गम्भीर बन्न आग्रह गर्दै एक सातादेखि रिले अनशन जारी रहे पनि कतैबाट सुनुवाइ नभएको प्रतिष्ठानस्थित विद्यार्थी कल्याण समाजका अध्यक्ष डा ओम शान्ति रजकले बताए । प्रतिष्ठानका शिक्षक, कर्मचारी र चिकित्सक विगत २५ दिनदेखि बढुवा माग गर्दै आन्दोलनमा उत्रिएपछि प्रतिष्ठानको स्वास्थ्य सेवा र शैक्षिक कार्यक्रम प्रभावित बनेको छ । आन्दोलनका कारण विद्यार्थीको पढाइ र परीक्षामा समेत असर पर्ने भएपछि ध्यानाकर्षण गराउन रिले अनशन जारी राखिएको समाजका अध्यक्ष डा रजकको भनाइ छ । उनी भन्छन्, "पठनपाठन सुरु नभए हामी आमरण अनशन बस्न बाध्य हुनेछौं ।"


प्रतिष्ठानका शिक्षक, कर्मचारी र चिकित्सक लामो समयदेखि आफ्नो बढुवा नभएको भन्दै पटक-पटक आन्दोलनमा उत्रिएका छन् । गत कात्तिकमा पनि करिब एक महिना आन्दोलनका कारण प्रतिष्ठानको स्वास्थ्य र शैक्षिक गतिविधि प्रभावित बनेपछि कात्तिक २० गते धरानका राजनीतिक दलको रोहबरमा प्रतिष्ठान प्रशासन र आन्दोलनकारीबीच वार्ता भएको थियो ।

वार्तामा लोकसेवा आयोगसँग परामर्श लिएर पुस २ गतेदेखि बढुवाका लागि प्रक्रिया अगाडि बढाउने सहमति भएपछि आन्दोलन अन्त्य भएको थियो । तर सहमतिअनुसार प्रक्रिया अघि नबढेको भन्दै शिक्षक, कर्मचारी तथा चिकित्सक पुनः आन्दोलनमा उत्रिएका कारण पठनपाठन र स्वास्थ्य सेवामा प्रभाव परिरहेको छालोकसेवाआयोगलेकानुनबमोजिम प्रतिष्ठानको नियमावली संशोधन गरेर मात्र नियुक्ति तथा बढुवा प्रक्रिया अघि बढाउन पटक-पटक निर्देशन दिएको छ तर प्रतिष्ठानकै ढिलासुस्तीका कारण नियमावली संशोधन हुनसकेको छैन । उच्च अदालत विराटनगरले समेत लोकसेवा आयोगको उपस्थितिबिना बढुवा प्रक्रिया अघि नबढाउन आदेश दिएको छ । आन्दोलनमा उत्रिएका शिक्षक, कर्मचारी भने तुरुन्तै बढुवा प्रक्रिया अघि बढाउन माग गरिरहेका छन् ।

प्रधानमन्त्री दाहालले यसअघि नै प्रतिष्ठानको समस्या समाधान गर्न प्रतिष्ठानका सहकुलपति तथा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई निर्देशन दिएका थिए ।

स्वास्थ्यमन्त्री बस्नेतले प्रतिष्ठानका कायममुकायम उपकुलपति प्रा डा प्रल्हाद कार्कीलाई सञ्चालक परिषद् (सिनेट) बैठक राखेर समस्या समाधान गर्न आग्रह गरेका थिए । कामु उपकुलपति कार्कीले कार्यकारिणी समिति (कास) बैठक राख्ने प्रयास गरे पनि आन्दोलनकारीले सुरुमै बढुवा प्रक्रियाको ग्यारेन्टी माग्दै आन्दोलन जारी राखेपछि समस्या समाधान हुनसकेको छैन ।

# एनसेलको डबल मजाप्याक, बोनसको रूपमा डबल डेटा पाइने




टुडे समाचारदाता

जनकपुरधाम । एनसेलले सबै ग्राहकले अब डबल डेटासहित इन्टरनेट सेवाको फाइदालिन 'डबल मजाप्याक'खरिद गर्न सक्ने व्यवस्था गरेको छ । ग्राहकहरुले एकदमै मन पराएको यो डबल मजाअफर एनसेलले तीनप्याकहरुका साथपुनः संचालनमा ल्याएको हो ।

यो अफरमा ग्राहकले ७ दिन भ्यालिडिटी अर्थात समयसीमा रहेको कर सहित रु. १५० मा ५ जीबी डेटा वा रु. २०० मा ८ जीबी डेटा लिन सक्छन् । त्यसैगरी रु. ८८८ मा २८ दिन समयावधी रहेको ८८ जीबी डेटा खरिद गर्न सक्छन् ।

यो प्याकको सबैभन्दा ठूलो विशेषता भनेको प्याकको भ्यालिडिटी नसकिँदै गरिने हरेक खरिदमा ग्राहकले उही मूल्यमा डबल डेटा बोनस स्वरुप प्राप्त गर्दछन् । उदाहरणका लागि, यदि कुनै ग्राहकले ८ जीबी प्याकको प्याक खरिद गरको ७ दिन भित्र फेरि सोही प्याक खरिद गरेमा, ग्राहकले १६ जीबी डेटा बोनसका रुपमा प्राप्त गर्दछ ।

डबल मजा प्याक खरिद गर्न ग्राहकले एष्ट्रिक्स १७१२३ ह्यास डायल गर्न सक्छन् । साथै हालै मात्र अद्यावधिक गरिएको एनसेल एप वा एनसेलका अन्य कुनै पनि आधिकारिक च्यानलमार्फत यो प्याक किन्न सकिन्छ ।

थप परिष्कृत गर्दै पुनः संचालनमा ल्याइएको यो अफरमा बोनसको रूपमा दोब्बर डेटा प्रदान गरिने भएकोले ग्राहकहरुलाई अनलाइन बस्न र डिजिटल रूपमा सम्पर्कमा रहि रहन ठूलो सहयोग पुग्ने विश्वास रहेको एनसेलले जनाएको छ । प्याकको भ्यालिडिटी रहेसम्म ग्राहकले आफ्नो आवश्यकता बमोजिम जति पटक पनि यो प्याक खरिद गरी संचित हुने डेटा भोल्युम मार्फत इन्टरनेटमा पहुँचको फाइदा लिन सक्छन् ।

७दिन भ्यालिडिटी भएका रु. १५० र रु. २०० का डबल मजा प्याकमा पाइने बोनसको संचित डेटा अधिकतम २८ दिनसम्म चलाउन सकिन्छ । त्यसैगरी रु. ८८८ को प्याकमा पाइने संचित बोनस डेटा ६० दिनसम्म चलाउन सकिन्छ ।


यसैबीच एनसेलले कर सहित रु. २२० मा७दिन भ्यालिडिटी भएको कम्बो प्याकपनिल्याएको छ । यो प्याकमाग्राहकले ४ जीबी डेटा, १०० मिनेट अल नेट टक टाइम र विभिन्न डिजिटल सेवाहरू प्राप्तगर्दछन् ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अराजक गतिविधि गर्ने विरुद्ध सचेत रहन अपिल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनतालाई भ्रमित गर्दै केही प्रतिक्रान्तिवादी शक्तिहरु राजतन्त्र फर्काउने षड्यन्त्र भइरहेको भन्दै राजनीतिक दललगायतकाले सरकार र प्रशासन निकायहरुको ध्यानाकर्षण गराएका छन् ।

करिब एक दर्जन नेता तथा नागरिक समाजका अगुवाहरुले एक प्रेस विज्ञप्ति जारी गर्दै जनताको सर्वोच्चता र संविधानको प्रस्तावनासहितको अपरिवर्तनीय प्रावधान विपरित, अराजकता फैलाउने तत्वहरुमाथि सरकार र प्रशासनको कारगर कारवाहीको आभावले आउने दिनहरुमा स्थिति अनियन्त्रित नहोस् भन्नेतिर सरकार र प्रशासनिक निकायहरुको ध्यानाकर्षण गर्दै यसका विरुद्ध सम्पूर्ण गणतन्त्रवादी बौद्धिकवर्ग, युवा, विद्यार्थी, मजदुर–किसान, व्यवसायी र नागरिक समाजका सबै अंगलाई सक्रियताका साथ अग्रसर हुन अपील गरेका छन् ।

तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष बृषेशचन्द्र लाल, नेपाली कांग्रेसका नेता रामसरोज यादव, नेकपा एमालेका धनुषा जिल्ला अध्यक्ष राजकिशोर यादव, नागरिक समाजका अगुवा रोशन जनकपुरी, नेकपा एकीकृत समाजवादी धनुषाका जिल्ला अध्यक्ष रामचन्द्र पण्डित, नेकपा माओवादी केन्द्र धनुषाका नेता श्रीनारायण प्रतिहस्त, नेकपा एसका शीतल झा, तमलोपाका नेता तथा संविधानसभा सदस्य विजयकुमार सिंह, नेपाली कांग्रेसका नेता जीवनाथ चौधरी, नेकपा एमालेका केन्द्रीय सल्लाहकार परिषदका नेता सन्तोष यादव र तमलोपाका नेता रामजी रायले संयूक्तरुपमा जारी गरेको विज्ञप्तिमा जनताको लामो संघर्ष र अमर शहीदहरुको बलिदानले सामन्ती, निरंकुश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्था र निरंकुश राजशाहीको अन्त्य गर्दै नेपालका जनताले संघर्षबाट ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था विरुद्ध जाई लागेमा आफुहरु सचेततापूर्वक तयार रहेको भन्दै चेतावनीसमेत दिएका छन् ।

'शहीदहरुको अमूल्य शहादत र जनताको निरन्तरको संघर्षले प्राप्त यस उपलब्धिको संरक्षण र सम्वर्द्धनको निमित्त गणतन्त्रवादीहरु कुनै पनि मूल्य चुकाउन सदैव तत्पर रहेको सबै प्रतिक्रान्तिवादी प्रतिक्रियावादीहरुलाई चेताउँदछौं ।' जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# उपचार अभावमा रणभुल्लमा माओवादी कार्यकर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । माओवादी आन्दोलनमा लागेकाहरुको हालबेहालको अवस्था रहेको छ ।


तत्कालीन नेकपा माओवादीले गरेको दस वर्षे जनयूद्धमा लागेका कार्यकर्ताहरुको अवस्था निकै दयनीय रहेको छ ।

भूमिगत जिवन ब्यतितपछि भएको यूद्धविरामसँगै खुलारुपमा राजनीतिक गतिविधि गर्दै आएको अहिलेको नेकपा माओवादी केन्द्रले सरकार संचालन गरिरहे पनि पार्टी नेतृत्वले बेवास्ता गर्दा जिविकोपार्जनदेखि स्वास्थ्य उपचारका लागि समेत धौंधौं परिरहेको गुनासो उनीहरुले गरेका छन् ।

तत्कालीन जनमुक्ति सेनाको कम्पनी कमाण्डर रहेका दिनेश मण्डल अहिले माओवादी केन्द्र धनुषाको जिल्ला सदस्य छन् ।

०५६ सालदेखि माओवादीले थालेको आन्दोलनमा धनुषाको मिथिला नगरपालिका वडा नम्बर ८ स्थित जमुनिबास बस्ने ४२ वर्षिय दिनेश मण्डल ०६१ मा काभ्रेको घर्तिछापमा भएको आक्रमणमा मुख्य भूमिका नै निर्वाह गरेका थिए । सो यूद्धमा उनलाई तत्कालीन शाही सेनासंग भएको दोहोरो भिडन्तमा उनी घाइते भएका थिए । त्यतिबेला उनको उपचार माओवादीको स्वास्थ्य टोलीले उपचार गरेको थियो । उपचार पश्चात निको भई घर फर्किने क्रममा उनलाई सेनाले पक्राउ गरि निर्घात कुटपीट गरेको थियो । जसबाट उनको शरीर अहिले पनि थलिने गरेको छ ।

सेनाले उनको जिउमाथि रोलर नै चलाएको थियो । जसले गर्दा उनको तिघ्रा, खुट्टा र हातका औलाहरुले राम्ररी काम गर्न छाडेका छन् ।





०६२ मा भएको माओवादीले यूद्धविराम गरेपछि तेश्रो जनआन्दोलन नै भयो । आन्दोलनपछि स्थापना भएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा उनीहरुलाई सरकारले आम माफि दिएपछि उनीसहित सयौं माओवादी कार्यकर्ताहरु रिहा भएको थियो ।

सोक्रममा उनी पनि रिहा भए । तर पार्टीले उपचारलगायतकामा ध्यान नदिँदा अहिले आएर उनको शरीर थलिने गरेको छ । भने यससँगै शरीरमा विभिन्न रोगव्याधीहरुसमेत लागेको छ ।

माओवादी आन्दोनमा लागेका कार्यकर्ताहरुलाई मुल नेतृत्व वर्गले बेवास्ता गर्दा उपचारदेखि जिविकोर्पानमा समेत समस्या हुने गरेको पीडित दिनेश मण्डलले गुनासो गरे ।

शरीर थलिने, उचरक्तचाप, चिनि रोग, हाडजोर्नीलगायतका रोगबाट उनी ग्रसित रहँदा उनलाई घरायसी कामकाज गर्नसमेत कठिनाई भएको बताउँछन् ।

यस्तै समस्याबाट धनुषाका औरही गाउँपालिका वडा नम्बर ४ बस्ने ५३ वर्षिय रामएकवाल मण्डल खल्वेको छ ।

करिब तीन सातादेखि उनी बेहोसी हालतमा छन् । उनी एक्कासीरुपमा बिर्सिने गरेको बिरामीबाट गुज्रिरहेका छन् ।

उनी पनि माओवादी जनयुद्धमा ०५८ देखि निरनतर सक्रिय छन् ।

सशस्त्र यूद्धका बेला उनी विभिन्न यूद्धका मोर्चामा सक्रियताका साथ अहिलेसम्म निरन्तररुपमा सक्रिय रहँदा पनि दिनेश भैं रामएकवालले पनि पार्टीबाट कुनै पनि किसिमको लाभ लिएनन् । न त यसका लागि कुनै नेतालाई भनसुन नै गरे । बरु उनी राजमिस्त्रीको काममा सक्रिय रहेर घरपरिवारको जिविकोपजिनमा लागेका थिए ।

तर जाडोयाममा घर निर्माणको क्रममा छत ढलान गरेर आफ्नो घरमा सुतिरहेको बेला उनी एक्कासी बेहोस भए र उनले आफ्ना घरपरिवारका सदस्यलाई समेत चिन्न छाडेपछि उनको उपचार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । तर थप उपचारका लागि रकम नहुँदा अस्पतालले डिस्चार्ज गर्‍यो । त्यसपछि उनी घरमै सेन्सलेस अवस्थामा आराममा गरिरहेका छन् । उनकी श्रीमती कुन्तीदेवी मण्डलले बताइन् ।

रामएकवाल बिरामी पर्दा अहिले कुन्तीलाई समेत ६ सन्तानसहित ९ जना परिवारको घर चलाउन धौंधौं परिरहेको गुनासो गरिन् ।

मस्तिस्क सम्बन्धी समस्याका कारण बेडरेस्टमा रहे पनि अहिलेसम्म माओवादी केन्द्रका कुनै पनि नेताले चासो नलिए भन्दै उनले भनिन्– 'मर्ने बेला पार्टी नेताले जे भन्यो त्यही गर्‍यो, अहिले माओवादीको सरकार छ, प्रदेश सरकारमा पनि सहभागी छ, तर पनि सोधखोज नगर्दा जनयूद्ध कसको लागि भयो भन्ने प्रश्न हामीमाथि खडा भएको छ ।'

रामएकवाल अहिले माओवादी केन्द्र धनुषाको जिल्ला सदस्य छन् ।

त्यस्तै दुई छोरी, एक छोरा, एक श्रीमती रहेका दिनेशले पनि अप्ठ्यारोको बेलामा पनि पार्टी नेतृत्वले वास्ता नगर्दा दुःख लाग्ने गरेको गुनासो गरे । कुनै बेला दिने माओवादी केन्द्रको केन्द्रीय सदस्यसमेत थिए ।

तर नेकपा माओवादी केन्द्रका प्रदेश नेता श्याम यादवले पार्टीको हरेक बैठकमा जनयूद्धमा घाइते भएकाहरु, शहीद तथा बेपता परिवारका समस्याहरुको बारेमा आवाज उठाउने गरेको बताए । घाइते तथा समस्यामा परेका पुराना नेता तथा कार्यकर्ताहरुका लागि आफु गम्भीर हुँदै पहलकदमीसमेत लिइरहेको जनाउँदै उनले भने- जिल्ला नेतृत्ववर्गदेखि केन्द्रीय नेतृत्वसम्ममा जनयूद्धका घाइते, शहीद परिवार र बेपता परिवारलगायतकाहरुको अवस्थाबारेमा जानकारी गराएको र समस्या समाधानका लागि आफु लागि परेको छु । नेतृत्ववर्गले केही आश्वासन दिएका छन्, छिट्टै नै समस्या समाधान होला भन्ने आशा छ ।'

माओवादी सशस्त्र विद्रोहमा होमिदा अनेकौ नेता तथा कार्यकर्ताहरुको अवस्था नैराश्यतापूर्वक जिवन ब्यतित गरिरहेका छन् ।

मुल नेतृत्व वर्ग सत्ता र सरकार ढाल्ने बनाउने खेलमा लाग्दा निर्वाचनताका समयमा कार्यकर्ताहरुको घर चहार्ने गरेका छन् । तर अवसर पाउने बेलामा आफन्तजन र आसेपासेलाई सहभागी गराउने गरेकाले पनि मधेश प्रदेशमै पार्टी कमजोर भइरहेको एक नेताले टिप्पणी गरे ।

# मस्यौदा समितिको प्रतिवेदन स्वीकृत

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकले राष्ट्रियसभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन २०८० सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकमा 'राष्ट्रियसभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका सभापति सुरेशकुमार आलेमगरले 'राष्ट्रियसभा नियमावली, २०७५ को संशोधन प्रतिवेदन, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावमाथि बैठकमा सैद्धान्तिक छलफल भई छलफलमा उठेका प्रश्नको समितिका सभापति आलेमगरले जवाफसमेत दिएका थिए । उक्त प्रतिवेदनमाथि संशोधन राख्न चाहने सांसदले ७२ घण्टाभित्र आफ्नो संशोधन दर्ता गर्नसक्ने ब्यहोरा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले बैठकलाई जानकारीसमेत गराए ।



बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश २०८० लाई समेत सर्वसम्मतिले स्वीकृत गरेको छ । त्यसअघि अर्थमन्त्री डा प्रकाशशरण महतले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० स्वीकृत गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।बैठकमा विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० ' सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेश गरे ।

शोक प्रस्ताव पारित

राष्ट्रियसभाको बुधबारको बैठकले पूर्वमन्त्री तथा संविधानसभा सदस्य केशवकुमार बुढाथोकीको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ ।सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाद्वारा प्रस्तुत गरेको उक्त शोक प्रस्तावलाई बैठकको सर्वसम्मतिले पारित गर्दै दिवङ्गत बुढाथोकीको आत्माको चिरशान्तिको कामनासहित एक मिनेट मौनधारणसमेत गरिएको थियो ।

नेपाली कांग्रेस पार्टीबाट विसं २०६४ र २०७० को संविधानसभा निर्वाचनमा झापा जिल्ला निर्वाचन क्षेत्र नं ५ बाट संविधानसभा सदस्यता निर्वाचित सदस्य, पूर्वसामान्य प्रशासनमन्त्री तथा लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका सरल एवं मिलनसार व्यक्तित्व केशवकुमार बुढाथोकीको ८० वर्षको उमेरमा यही माघ २२ गते सोमवार राति उपचारको क्रममा असामयिक निधन भएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही माघ २८ गते दिउँसो १ बजेर १ मिनेटमा बस्नेछ ।

# ५० हजार स्टिम गुलाफ माग

टुडे समाचारदाता

काठमाण्डु । फ्लोरिकल्चर एसोसिएसन नेपालले यस वर्ष तीन लाख ५० हजार स्टिम गुलाफको माग रहेको जनाएको छ । एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले कूल मागमध्ये १० प्रतिशत आन्तरिक उत्पादन हुने र ९० प्रतिशत गुलाफ भारतबाट आयात गर्नुपरेको बताए ।

मागअनुसार स्वदेशमा उत्पादन हुन नसक्दा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि भारतबाट गुलाफ ल्याइएको उनको भनाइ छ । यस वर्ष रातो गुलाफ प्रतिस्टिम रु ८० देखि एक सयसम्म पर्ने उनले बताए । बुधबारबाट प्रणय दिवस सप्ताह सुरु भएको छ ।

पश्चिमा संस्कृति भए पनि पछिल्लो समय नेपालमा पनि यस दिवसलाई विशेष महत्वका साथ लिने गरेको पाइन्छ । प्रणय दिवस फेब्रुअरी १४ तारिखमा पर्दछ । तर उक्त दिनभन्दा एक हप्ताअघिदेखि नै यो दिवस मनाउने प्रचलन छ । प्रेमको प्रतीक मानिने रातो गुलाफ यस दिवसमा प्रेम जोडीले एकअर्कालाई दिएर मनाउने गर्दछन् ।

अध्यक्ष तामाङका कूल मागको ६० प्रतिशत काठमाडौं उपत्यकामा र बाँकी ४० प्रतिशत गुलाफ देशका अन्य सहरमा खपत हुने बताउछन् ।

प्रणय दिवसमा मात्रै रातो गुलाफको कारोबार रु तीन करोड ५० लाखको हुने उनको भनाइ छ । उनले वार्षिक रु तीन अर्ब सात करोडको फूलको कारोबार हुने गरेका बताए ।

रातो गुलाफ विशेष गरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकमा व्यावसायिकरुपमा लगाउने गरिएको छन् ।

फूलको मागमा आएको वृद्धिसँगै विशेष गरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४१ जिल्लामा लगभग छ सय ७५ विभिन्न किसिमका पुष्पखेती तथा नर्सरी विस्तार भइसकेको छ ।

# माटोको अभावमा मूर्ति बनाउने काम प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । नजिकिँदै गएको सरस्वती पूजाको लागि मूर्ति बनाउन माटोको अभाव भएपछि जनकपुरधामका लालन पण्डितले यसपालि स्वरस्वती पूजामा सोचे जस्तो ब्यापार नहुने भएपछि चिन्तामा देखिन्छ ।



एक दशकदेखि मूर्ति बनाएर जिविकोपार्जन गर्दै आएका पण्डितले माग अत्याधिक भए पनि मूर्ति बनाउने माटोको अभावको कारण यसपालि सोचे जस्तो अत्याधिक मूर्ति बनाउन नसकिएपछि ब्यापार समेत प्रभावित हुन सक्ने बताए । पर्याप्त मात्रामा माटोको समस्याले गर्दा माग अनुसारको यसपालि सरस्वतीको मूर्ति बनाउन नसकिएको हो–पण्डितले भने,' एक त माटो पाइदैन भने अर्को तिर माटो पाएपनि जग्गाधनिले प्रति ट्रयाटर मूर्ति बनाउने माटो करिब ४ हजार दरले रकम लिने गरेको ले यसपालि थोरै मूर्ति बनाइएको छौ ।' समान्य माटो प्रति ट्रयाटर हजारदेखि १५ सय सम्म बिक्री हुने गरेको उनले बताए ।

अघिल्लो वर्षमा यो सिजनमा मूर्ति बनाएरै लाखो रुपैयाँ आम्दानी गरे पनि सयपालि भने किसानहरुले आफ्नो खेतमा समयमै गहुँ छेरकाले राम्रो र सोचे जस्तो माटो नपाउँदा यस्तो अवस्था आएको हो, अर्का मूर्तिकार सोहन पण्डितले दुखेसो पोखे । श्रीपञ्चमी आउन केही दिन मात्र बाँकी रहँदा जिल्लाको विभिन्न ठाउँमा कालिगढहरुले मूर्ति बनाउने कामलाई निरन्तरता दिएको छ । यसवर्ष शुरुमा चिसो र शितलहरको कारण समयमै मूर्ति बनाउन नसकिएकोले अहिले केही यता घाम लाग्दा मूर्तिको मांग बढेपछि मूर्ति बनाउन भ्याई नभ्याई भएको कालिगढहरुको भनाई छ ।

अहिले धनुषाको जिल्लाको विभिन्न ठाउँमा कालिगढहरुले सडक छेउ, दलान, घरआंगन र खाली ठाउँमा मूर्ति बनाउन कस्सिएका कालिगढहरुको संख्या बढदै गएपछि यो व्यवसायले सोचे जस्तो आर्थिक लाभ दिन नसकेको उनले बताए । बसन्तपञ्चमी लागे देखिनै सामूदायिक तथा निजी बोर्डिंग स्कुलको संख्या थपिए पनि मूर्ति बनाउने कालिगढ समेत बढेकाले यो व्यवसायले पहिले जस्तो आर्थिक लाभ दिन सकेको छैन् ।

# प्रस्तावित चलचित्र जाँचसम्बन्धी कार्यविधिप्रति चलचित्रकर्मी असन्तुष्ट

टुडे समाचारदाता

काठमाण्डु । केन्द्रीय चलचित्र जाँच समितिले तयार पारेको 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८०' मस्यौदाप्रति चलचित्रकर्मीले असहमति जनाएका छन् ।

उक्त कार्यविधिले सिर्जनात्मक स्वतन्त्रतामा अंकुश लाग्ने ठहर गर्दै चलचित्रकर्मी आफ्नो असहमति स्पष्ट रुपमा व्यक्त गरिरहेका छन् । निर्माता तथा कलाकार रवीन्द्रसिंह बानियाँले 'इजाजतपत्र जारी नहुने' प्रावधानप्रति सहमत हुन नसक्ने बताए ।

"कार्यविधिमा समेटिएका २० बुँदाले हामीलाई स्वतन्त्रता दिँदैन । चलचित्रलाई जाँच पासको क्रममा वर्गीकरण गर्नुपर्छ भन्नेमा लगायत धेरै निर्माता साथीहरूको धारणा छ । विश्वभर दर्शकलाई वर्गीकरण गर्ने गरिन्छ । यहाँ काँटछाँट गरेर वर्गीकरण गरिन्छ", निर्माता बानियाँले भने । उनले विषयलाई प्रस्ट्याउन प्रयोग गर्ने दृश्य वा संवादले राष्ट्र वा मित्रराष्ट्रलाई असर गर्दै भने सिर्जनात्मक हस्तक्षेप गर्न नहुने विचार राखे । चलचित्र निर्माताको छाता संस्था नेपाल चलचित्र निर्माता सङ्घका अध्यक्ष नवल खड्काले प्रस्तावित कार्यविधिमा समेटिएका बुँदाबारे आफ्नो संस्थाको असहमति रहेको र आगामी छलफलमा आफ्ना असहमति स्पष्ट रुपमा राख्ने बताए ।निर्देशक तथा लेखक मनोज पण्डितले प्रस्तावित कार्यविधि जस्ताको तस्तै पारित गर्न नहुने धारणा राखे । उनले भने, "नयाँ कार्यविधिअनुसारको घेराभित्र बसेर स्वतन्त्र, सिर्जनशील, आधुनिक, यथार्थपरक र समयसापेक्ष चलचित्र तयार गर्न असम्भव छ ।""चलचित्र वितरक तथा निर्देशक प्रचण्डमान श्रेष्ठले प्रस्तावित कार्यविधि नेपालको संविधानमा व्यवस्था भएको विचार तथा अभिव्यक्ति स्वतन्त्रता बमोजिम नरहेको जिकीर गरे । प्रस्तावित नीतिमा नेपालको शान्ति सुरक्षामा खलल पुऱ्याउने, मित्रराष्ट्रसँगको सु–सम्बन्धमा नकारात्मक असर पुऱ्याउने, अदालतको अवहेलना हुने दृश्य तथा संवाद भएको, विभिन्न जातजाति धर्म वर्ग, वर्ण, लिङ्ग, समुदाय वा सम्प्रदायबीचको सु–सम्बन्धमा नकारात्मक असर पर्ने वा धार्मिक, सामाजिक र सांस्कृतिक विचलन ल्याउने चलचित्रले इजाजतपत्र नपाउने व्यवस्था छ ।

# सम्पत्ति शुद्धीकरण विधेयक पारित

टुडे समाचारदाता

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाको बुधबारको बैठकलेसम्पत्तिशुद्धीकरणसम्बन्धी विधेयक बहुमतले पारित गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित गरियोस्' भन्ने प्रस्ताव पेश गरेका थिए ।


प्रतिनिधिसभाको बुधबारको बैठकमा विधेयकमाथि कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनसहित छलफल भएको थियो । छलफलका क्रममा १८ जना सांसदले विधेयकमाथि विभिन्न सुझाव दिएका थिए । छलफलपछि सभामुख देवराज घिमिरेले बुधबारको बैठकमा विधेयकलाई निर्णयार्थ पेश गरेका थिए ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत् निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गरिएको छ ।



त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४, पारस्परिक कानुनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ । मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा पनि विधेयकमार्फत संशोधन गरिएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक २०८० फागुन ६ गते बिहान ११ बजे बस्नेछ । उक्त बैठकमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम गरिने पनि सभामुख घिमिरेले बुधबारको बैठकमार्फत जानकारी गराए ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# निष्ठावान नेताको खाँचो

नेपालमा अधिकारका लागि लामो समयदेखि आन्दोलन चलिरहेको छ ।कुनै बेला आन्दोलन चरमोत्कर्षमा पुग्ने गरेको छ ।कुनै बेला आन्दोलन निकै शिथिल हुने गरेको छ ।मुख्यरुपमा अधिकारको सवाललाई सरकारले सम्बोधन गर्न चाहँदैनन् ।विगतमा भएको अधिकारको आन्दोलनलाई बन्दूकको भरमा दवाइएको हो ।त्यसकारण संविधानमा उल्लेखित अधिकारपनि उपेक्षितहरुले पाउन सकेका छैनन् ।हरेक देशमा दुई प्रकारका नागरिक हुन्छन् ।एउटा शोषित अर्को शोषक ।शोषक पक्ष सम्भ्रान्त, कठोर र शासक हुन्छन् ।शोषित सदैव निरिह र अपहेलित हुन्छन् ।नेपालमा अझैपनि विभेद कायमै छ ।विभेदलाई हटाउन भएका प्रयासहरु अपेक्षाकृत सफल हुन सकेको छैन् ।विभेदमा पारिएका नागरिकले अधिकारका लागि गरेको आन्दोलनहरुलाई शासक वर्गले बन्दुकको बलमा दबाएका छन् ।तर केहि अधिकार भने हरेक आन्दोलनबाट प्राप्त भएको छ ।यद्यपी अहिले धैरै अधिकार लिन बाँकी छ ।अधिकारका लागि आन्दोलन लामो समय चलिरहने छ ।नेता फेरिने छन् ।अधिकारका विषयहरुमा परिवर्तन हुनेछ ।तर आन्दोलन जारी नै रहने छ ।सत्तामा रहनेहरुको हठधर्मिताले अधिकारको आन्दोलन मथ्थर हुन सक्ने संभावना छैन् ।नेपालमा अधिकारको आन्दोलनलाई तताउने बेलाबखत आवाज उठने गरेको छ ।तर सत्ताको लालचमा परेका नेताहरुले त्यसलाई कुर्सीसित साट्ने गरेका छन् ।पटक-पटक आन्दोलन गरिरहने भन्दा एकै पटक आन्दोलन गर्ने तर प्रभावकारी ढंगले गर्नुपर्छ ।अधिकारका आन्दोलनका लागि अगाडी देखिएका नेताहरु सत्तालाई नै लक्ष्य बनाउने गरेकाले आन्दोलन अपेक्षाकृत उपलब्धिमुलक हुन सकेको छैन् ।उपेक्षितले अधिकार नपाए सम्म आन्दोलनको मसाल निभ्ने छैन् ।कुनै न कुनै रुपमा कसै न कसैले त्यसलाई बालिरहने छन् ।अधिकार आन्दोलनकै नाममा मधेश र थरुहटका कयौं नेताहरु सत्तामा पुगेका छन् ।संघीय सरकारमा अझैपनि कयौं अधिकारवादी नेताहरु सहभागि छन् ।सत्तामा नरहेका केहि नेताहरुले अधिकारको आन्दोलनलाई फेरी तताउने तयारी थालेका छन् ।लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)मा असन्तुष्ट रहेका वरिष्ठ नेता राजेन्द्र महतोले अधिकारको आन्दोलनलाई तताउन देशैभरि अभियान चलाउने बताएका छन् ।उनले गरेको तयारी सफल नहुने भने ठोकुवा गर्न सकिदैन् ।अधिकारका लागि हुने आन्दोलनमा सहभागिता जनाउने देशैभरिक शोषित, उपेक्षितहरु छन् ।तर उनीहरुको नेतृत वगर्ने निष्ठावान नेता छैनन् ।निष्ठावान नेताले अधिकारका लागि आन्दोलन प्रारम्भ गर्दा त्यो सफल हुन धेरै समय लाग्ने छैन् ।

# उच्च शिक्षा विधेयकको चिरफार र केही सुझाव

नारायणप्रसाद भण्डारी

प्राज्ञ एवं उच्च शिक्षाका विज्ञहरूले अनेकौं पटक मस्यौदा गरेको भन्दा फरक तरिकाबाट तयार पारी कानुन मन्त्रालयमा पुगेको उच्च शिक्षा सम्बन्धी मस्यौदा विधेयक उक्त मन्त्रालयले सरोकारवालाहरूको राय लिन भनी फिर्ता गरेको छ । यही सन्दर्भमा शिक्षा मन्त्रालयले २०८० माघ ७ गते आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरेपछि उच्च शिक्षा क्षेत्र तरंगित बनेको छ ।

उच्च शिक्षाका परिवर्तित सन्दर्भ एवं आवश्यकता पहिचान गरी कहिले छाता ऐन त कहिले उच्च शिक्षा ऐन निर्माण गर्नका लागि पहलकदमी लिइएको दशकौंपछि आएको विधेयकमा प्रतिबिम्बित कतिपय आशयहरूले मस्यौदामा व्यवस्था गरिएका सकारात्मक प्रस्तावहरूलाई समेत छायाँमा पारिदिएको छ ।

विशेषतः बदलिएको शासन व्यवस्था, राजनीतिक हस्तक्षेपको प्रसव, प्रतिस्पर्धी शिक्षाको माग, बौद्धिक पलायनको भयावह अवस्था, विश्वविद्यालयहरू भित्र चाङ लागेका अनेकन् बेथिति, आर्थिक स्रोतको सीमित उपलब्धता, गुणस्तर उपरको प्रश्न लगायत पृष्ठभूमिमा तयार पारिएको विधेयकले उच्च शिक्षाका सामयिक मागहरूलाई सम्बोधन गर्न सक्छ भन्ने कुरामा सरोकारवालाहरूको विश्वास आर्जन गर्न नसकेको देखिन्छ । साथै, विधेयक राष्ट्रिय शिक्षा नीति-२०७६ ले परिलक्षित गरेको नीति, रणनीति एवं कार्ययोजनाबाट पनि विचलित भएको देखिन्छ ।

यस आलेखमा उच्च शिक्षा विधेयकको चिरफार गर्ने जमर्को गरिएको छ, साथै केही रायहरू पनि प्रस्तुत गरिएको छ ।

१. विधेयकको दफा २ (घ) मा गरिएको उच्च शिक्षण संस्था सम्बन्धी परिभाषा र (ण) मा गरिएको विश्वविद्यालय सम्बन्धी परिभाषाले स्नातकदेखि माथि अध्ययन-अध्यापन हुने सबै प्रकारका उच्च शैक्षिक संस्थाहरू विश्वविद्यालयको रूपमा रहने परिकल्पना गरेको जस्तो देखिन्छ ।

यद्यपि विधेयकका अन्य दफाहरूमा गरिएको व्यवस्था हेर्दा त्यस्तो अर्थ लाग्दैन । यस अर्थमा विश्वविद्यालयहरूबाट सम्बन्धन लिएर सञ्चालनमा रहेका क्याम्पस/कलेजको भिन्न परिभाषा समेट्नु उपर्युक्त हुन सक्दछ ।

२. विधेयकको दफा ३(१) को (ङ) मा 'गैरनाफामूलक विश्वविद्यालय सञ्चालन'को उद्देश्य राखिएको छ तर सोको परिभाषा प्रष्ट पारिएको छैन । विना परिभाषा ऐन जारी भएमा भोलि यसैको आधारमा विश्वविद्यालय तथा क्याम्पस/कलेजहरूमा विद्यार्थीको राजनीति हुन सक्दछ र विशेषतः वर्तमानमा जस्तै क्याम्पस/कलेजका प्राध्यापकहरू नियमित रूपमा तलब नपाउने वा पाए पनि निर्धारित स्केलभन्दा कम पाउने विडम्बनाबाट गुज्रिनुपर्ने हुनसक्छ ।

क्याम्पस/कलेजमै अध्यापन गर्ने प्राध्यापक भए पनि उनीहरूको तलबी हैसियत कम्तीमा विश्वविद्यालयमा अध्यापन गर्ने समान तहको प्राध्यापक (सहायक, उप, सह वा प्राध्यापक) बराबर निश्चित गरेमा मात्र उनीहरूबाट गुणस्तरको अपेक्षा गर्न सकिन्छ ।

३. विधेयकको दफा १९ को (४) मा त्रिभुवन विश्वविद्यालयलाई ऐतिहासिक पृष्ठभूमि, उच्च शिक्षामा योगदान, संस्थागत क्षमता र प्राज्ञिक उन्नयनका आधारमा स्वतः प्राज्ञिक उत्कृष्टताको केन्द्र रहने गरी प्रस्ताव गरिएको छ । नेपालको उच्च शिक्षा विकासमा उक्त विश्वविद्यालयको भूमिका निःसन्देह अतुलनीय छ र उसले विशिष्ट मान्यता पाउनुपर्ने कुरामा दुईमत छैन । तर वर्तमानमा समस्या पनि सोही विश्वविद्यालयमा सबैभन्दा धेरै छन्, जसको समाधान विश्वविद्यालयको पुनर्संरचना विना अत्यन्त कठिन देखिन्छ ।यस्तोमा पुनर्संरचनाको लागि निश्चित समय दिएर मात्र प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा विकसित हुने व्यवस्था गर्नु वाञ्छनीय हुने देखिन्छ ।

४. विधेयकको दफा २० (१) मा ५ वटा विश्वविद्यालयको नाम नै तोकेर केन्द्रीय विश्वविद्यालयको रूपमा रहने प्रस्ताव गरिएको छ र सोका लागि ऐतिहासिक पृष्ठभूमि र योगदान, विषयगत विशिष्टता, संस्थागत क्षमता र प्राज्ञिक उत्कृष्टता आधारको रूपमा प्रस्तुत गरिएको छ ।

दिइएका आधारहरूमध्ये ऐतिहासिक पृष्ठभूमि र विषयगत विशिष्टता तर्कसंगत देखिए पनि अन्य आधार हरूमा भने सञ्चालनमा रहेका अन्य विश्वविद्यालयहरू समेत प्रतिस्पर्धा गर्न इच्छुक हुन सक्दछन् । यसर्थ, प्रतिस्पर्धाको आधारमा मात्र सो कुराको निर्क्योल गर्नु उचित हुन सक्दछ ।

५. विधेयकको दफा २० (४) मा अन्य ' विश्वविद्यालयले विश्वविद्यालय सञ्चालनमा रहेको प्रदेशमा आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको स्थापना वा स्वीकृति दिनसक्ने' व्यवस्था गरिएको छ । त्यस्तै दफा २१ (१) मा केन्द्रीय विश्वविद्यालयहरूले भने आयोगको अनुमतिमा आङ्गिक क्याम्पसहरू मात्र विस्तार गर्न सक्ने व्यवस्था गरिएको छ ।

नेपालको वर्तमान उच्च शिक्षामा समस्याको एउटा जड अनियन्त्रित सम्बन्धन रहेको कुरा विदितै छ । यस्तोमा आयोग वा आयोग अन्तर्गत कुनै प्रादेशिक संरचनाको स्वीकृत बेगर अन्य विश्वविद्यालयहरूले सम्बन्धन स्वीकृत गर्न सक्ने व्यवस्थाले केन्द्रको रोग प्रदेशमा स्थानान्तरण हुने सम्भावनालाई जीवितै राख्दछ । यसर्थ, यस कार्यमा पनि आयोगको अनुमति लिनुपर्ने व्यवस्था गर्नु उचित हुन सक्दछ ।

६. दफा २१ (४) मा आयोगको स्वीकृतिमा केन्द्रीय विश्वविद्यालयहरूले आफ्ना आङ्गिक क्याम्पसहरूलाई मानित विश्वविद्यालयको रूपमा स्वामित्व हस्तान्तरण गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी हेर्दा केन्द्रीय विश्वविद्यालयहरूले नै मानित विश्वविद्यालय जन्माउन सक्ने व्यवस्था गरिएको देखिन्छ, जुन दफा २३ को (५) सँग बाझिएको छ ।

दफा २१ (४) ले योग्यता एवं क्षमता भए पनि सामुदायिक वा निजी क्याम्पसहरू मानित विश्वविद्यालय हुनसक्ने कुरामा बन्देज गरेको जस्तो देखिन्छ भने दफा २३ (५) ले खुला गरे जस्तो ।

यस्तोमा आयोगले निर्धारण गरे बमोजिम शर्त एवं मापदण्ड पूरा गरेको अवस्थामा जुनसुकै प्रकृतिको क्याम्पस भए पनि मानित विश्वविद्यालयको मान्यता प्राप्त गर्न आयोगमा आवेदन गर्न सक्ने र आयोगको स्वीकृतिमा मानित विश्वविद्यालय स्थापना हुने कुराको सुनिश्चितता गर्नु उपर्युक्त हुने देखिन्छ । त्यस बाहेक आयोगले तोकेका शर्त तथा मापदण्ड पूरा गरेको क्याम्पसहरूलाई स्वायत्त क्याम्पसको रूपमा विकसित हुने अवसर प्रदान गर्नु उपर्युक्त हुने देखिन्छ ।

७. दफा २४ (१) मा 'पूर्वाधार' को ठाउँमा 'मापदण्ड' शब्द राख्दा एकरुप हुने देखिन्छ, जसले 'पूर्वाधार' समेतलाई समेट्दछ ।

८. दफा २५ (५) मा 'विश्वविद्यालयहरू नेपाल सरकारले निर्धारण गरेको अवधिसम्म' भन्ने वाक्यको ठाउँमा 'विश्वविद्यालयहरू यसै ऐनले निर्धारण गरेको अवधिसम्म' भनी समय निर्धारण गर्नु उपर्युक्त हुने देखिन्छ ।

९. दफा २७ मा थप स्पष्टता आवश्यक देखिन्छ । नेपालको उच्च शिक्षामा (विश्वविद्यालय वा क्याम्पस) स्थानीय, प्रादेशिक वा संघीय जुनसुकै सरकारले अनुदान प्रदान गरेतापनि लगानीको यकिन अभिलेख आयोगमा रहने गरी व्यवस्था गर्दा उपर्युक्त हुनसक्छ । यसरी गरिने लगानीलाई कार्यसम्पादनमा आधारित बनाउनु जरूरी देखिन्छ ।

१०. दफा २८ (१) मा 'यस ऐनको अधीन तथा आयोगले तोकेको मापदण्डमा रही '' भनी प्रष्ट किटान गर्नु उपर्युक्त हुने देखिन्छ । यस्तो व्यवस्थाले विश्वविद्यालय तथा क्याम्पस स्थापनामा एकरूपता ल्याउनुका साथै गुणस्तर कायम गर्ने कुरामा सहयोग पुग्नेछ ।

११. दफा ३१ मा उल्लिखित व्यवस्थाहरूले उच्च शिक्षालाई राजनीतिक प्रभावबाट मुक्त राख्ने प्राज्ञिक आकांक्षालाई सम्बोधन गर्न नसकेको देखिन्छ।प्रधानमन्त्रीको सट्टा मन्त्रालयको मन्त्री वा प्रदेशको मुख्यमन्त्री कुलपति, सभापति वा चेयरम्यान हुँदा राजनीतिक प्रभाव घट्छ भनी विश्वास गर्ने ठोस आधार देखिंदैन ।

१२. दफा ३२ (२) मा व्यवस्था गरिएको प्रशासनिक संलग्नता सम्बन्धमा उठेको प्रश्नको यथोचित सम्बोधन गर्नु श्रेयस्कर हुने देखिन्छ । प्राज्ञिक पदहरूको छनोट प्राज्ञहरूबाटै हुने अभ्यासको सुनिश्चितता आजको आवश्यकता हो ।

१३. दफा ३२ (४) मा व्यक्तिको प्राज्ञिक उत्कृष्टता र नेतृत्वदायी एवं प्रतिस्पर्धी क्षमतालाई जोड दिनु उपर्युक्त हुने देखिन्छ । सोही दफाको (ख) मा उपकुलपति हुन २० वर्ष प्राध्यापकमा रही कार्य गरेको हुनुपर्ने व्यवस्थाले योग्य युवा प्राध्यापकको बाटो बन्द हुनसक्ने देखिन्छ, जुन परिवर्तन योग्य छ । त्यस्तै, सोही दफाको (ङ) मा अनुसन्धान परियोजनाको न्यूनतम गुणस्तर किटान गर्नु वाञ्छनीय हुनसक्दछ ।

१४. दफा ४१ मा विश्वविद्यालय सेवा आयोग उच्च शिक्षा आयोगप्रति उत्तरदायी हुने परिकल्पना गरिएको छ तर सोही दफाको (१) मा कर्मचारीहरू भने मन्त्रालयले व्यवस्था गर्ने भनिएको छ । उच्च शिक्षा आयोगप्रति उत्तरदायी हुने हो भने सोही संस्थालाई कर्मचारी व्यवस्थापनको जिम्मेवारी दिनु उपर्युक्त हुने देखिन्छ ।

१५. दफा ४७ (४) मा तोकिएको निकायबाट विदेशी विश्वविद्यालयबाट प्राप्त प्रमाणपत्रको समकक्षता प्रदान गरिने व्यवस्था गरिएको छ तर कसले तोक्ने भन्ने कुरा प्रष्ट उल्लेख छैन । यसर्थ, आयोगले तोकेको निकायबाट भनी उल्लेख गर्नु वाञ्छनीय हुन सक्दछ ।

१६. परिच्छेद ११ समग्रतामै पुनरावलोकन गर्नुपर्ने देखिन्छ र उच्च शिक्षाको सञ्चालन र व्यवस्थापन विद्यालय शिक्षा भन्दा फरक हो भन्ने कुरालाई स्वीकार गर्नुपर्ने देखिन्छ । उच्च शिक्षाका सरोकारवालाहरूको माग खासमा प्रधानमन्त्री मातहत रहने गरी 'उच्च शिक्षा परिषद्' गठनको हो, विधेयकमा मन्त्रीको नेतृत्वमा आयोग गठन हुने प्रस्ताव गरिएको छ । नेपालमा भिन्दै 'उच्च शिक्षा मन्त्रालय' नरहेको अवस्थामा परिषद् अन्तर्गत गठन हुने आयोगलाई नै सो हैसियत प्रदान गर्नु आजको आवश्यकता बनिसकेको छ । तर विधेयकमा भने हालको शिक्षा मन्त्रालयको एक विभागको रूपमा आयोग सञ्चालन हुने परिकल्पना गरिएको प्रतिबिम्बित हुन्छ । यसर्थ, यसमा संशोधन एवं पुनरावलोकन जरूरी देखिन्छ ।

१७. दफा ५१ (१) मा आयोग परिषद् अन्तर्गत अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, स्वायत्त र संगठित संस्था हुनेछ भनी उल्लेख गरिंदा उच्च शिक्षालाई अनुचित स्वार्थ र प्रभावबाट मुक्त राख्ने आधार प्राप्त हुने देखिन्छ ।

१८. दफा ५१ (१) आयोग स्वशासित र संगठित संस्था हुने परिकल्पना गरिसकिएको सन्दर्भमा दफा ५४ (४) मा आयोगलाई आवश्यक पर्ने कर्मचारी स्वीकृत दरबन्दी अनुसार प्रचलित कानुन बमोजिम आयोग आफैंले छनोट नगरी मन्त्रालयले किन व्यवस्थापन गर्नुपर्ने हो भन्ने कुरा पुष्टि हुन नसकेको देखिन्छ । यसले आयोग मार्फत उच्च शिक्षामा मन्त्रालयको प्रभाव विस्तार गर्न खोजिएको त होइन भन्ने आशंका उब्जाएको छ ।

१९. दफा ६२ (२) मा समन्वय परिषद्को सदस्य सचिव निर्धारण नगरी मन्त्रालयको सहसचिव सदस्य हुने व्यवस्था, दफा ६४ (७) मा आयोग अन्तर्गत निर्देशनालयहरूको निर्देशक प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव प्राप्त व्यक्तिमध्येबाट मन्त्रालयको सचिव र सहसचिवको बहुमत रहने समितिले गर्ने व्यवस्था तथा आयोगको सदस्य सचिवको नियुक्ति कसरी हुनेछ भन्ने कुराको निर्क्योल नगरी दफा ६५ मा 'नेपाल प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पद रहनेछ' भनी घुमाउरो तरिकाबाट निजामती प्रशासनबाटै सदस्य सचिव पठाउने प्रपञ्चले आयोगलाई पूर्णतः मन्त्रालयको अधीनस्त बनाउन खोजिएको कुरा पुष्टि हुन्छ । आवरणमा आयोग देखाएर उच्च शिक्षामा मन्त्रालय हावी हुने प्रयास किञ्चित प्राज्ञिक स्वतन्त्रताको सिद्धान्त अनुकूल छैन । साथै, ती व्यवस्थाहरूले आयोगमा हाल कार्यरत कर्मचारीहरूको वृत्ति-विकासमा गम्भीर आघात समेत पार्ने देखिन्छ । यसर्थ, उल्लिखित दफाहरू परिवर्तन योग्य छन् ।

### विधेयकमा छुटेका विषयवस्तु

उच्च शिक्षा सम्बन्धी मस्यौदा विधेयकमा माथि उल्लिखित बाहेक थप केही महत्वपूर्ण विषयवस्तु छुटेका छन्, जसलाई सम्बोधन गर्नु अहिलेको आवश्यकता हो । छुटेका विषयवस्तुहरूमा देहाय बमोजिम सुझाव प्रस्तुत गरिएको छ ः

१. विधेयकमा गुणस्तर सुनिश्चितता तथा प्रत्ययनको कुरा सामान्य रूपमा इंगित गरिएको छ तर यस सम्बन्धी न्यूनतम व्यवस्था उल्लेख गरिएको छैन । यसर्थ, राष्ट्रिय शिक्षा नीति-२०७६ ले परिलक्षित गरे बमोजिम यस सम्बन्धी व्यवस्था विधेयकमै उल्लेख गर्नु उपर्युक्त हुने देखिन्छ ।

२. विश्वविद्यालय र त्यसका आङ्गिक क्याम्पसहरूमा सेवा आयोग मार्फत प्रतिस्पर्धात्मक रूपमा स्थायी पदपूर्ति भई आएका प्राध्यापकहरूको सन्दर्भमा सेवा आयोगको छनोट प्रक्रियाले नै योग्यता प्रमाणित गर्ने भएतापनि आङ्गिक, सामुदायिक वा निजी क्याम्पसमा करार वा आंशिक प्राध्यापकहरूको नियुक्ति सामान्यतः विना प्रतिस्पर्धा वा अपारदर्शी तवरबाट हुने गरेको छ । सम्बन्धनप्राप्त सामुदायिक वा निजी क्याम्पसहरूमा करीब ६५ प्रतिशत विद्यार्थी अध्ययन गर्ने गरेको सन्दर्भमा त्यस्ता संस्थाहरूमा कार्यरत प्राध्यापकहरूको प्रमाणित योग्यताले मात्र उच्च शिक्षाको गुणस्तर अभिवृद्धिमा योगदान गर्न सक्दछ । तसर्थ, राष्ट्रिय योग्यता परीक्षण प्रणालीको विकास गर्ने र आयोगबाट कुनै प्रकारको अनुदान प्राप्त गर्न वा गुणस्तर सुनिश्चितताको प्रत्ययन प्रमाणपत्र प्राप्त गर्न सो परीक्षणमा उत्तीर्ण जनशक्ति मात्र आपूर्ति भएको कुरा सुनिश्चित गर्ने व्यवस्था विधेयकमा उल्लेख गर्नु मनासिव हुन सक्दछ । साथै, प्राध्यापनमा यस प्रक्रिया मार्फत प्रवेश पाएका प्राध्यापकहरूको प्राज्ञिक उपाधि सम्बन्धित क्याम्पसको माग र विश्वविद्यालय सेवा आयोगको परीक्षणका आधारमा सेवा आयोगले प्रदान गर्न सक्ने व्यवस्था गर्दा गुणस्तर अभिवृद्धिमा योगदान पुग्न सक्दछ ।

३. विधेयकमा मानित विश्वविद्यालयको परिकल्पना गरिएको भए पनि स्वायत्त क्याम्पसको कुरा उल्लेख छैन । वास्तवमा केही वर्षसम्म स्वायत्तताको अभ्यास गरिसकेपछि मात्र मानित विश्वविद्यालयको रूपमा विकसित हुनसक्ने व्यवस्था गर्न सकिए संस्थागत दिगोपनको सम्भावना बढी हुनसक्छ । तसर्थ, तोकिएका मापदण्डहरू पूरा भएको अवस्थामा आयोगले स्वायत्त क्याम्पसको घोषणा गर्नसक्ने व्यवस्था विधेयकमा उल्लेख गर्नु उपर्युक्त हुनसक्छ ।

४. हाल नेपालमा नेपाली विश्वविद्यालयको सम्बन्धनमा १४५५ र विदेशी विश्वविद्यालयको सम्बन्धमा ५७ क्याम्पसहरू सञ्चालनमा रहेका छन् र तीमध्ये ८०० भन्दा बढीमा २०० भन्दा कम विद्यार्थी अध्ययनरत छन् । यस सन्दर्भमा क्याम्पसहरूको औचित्यपूर्ण रूपमा सञ्चालनको लागि संख्या घटाउनु आजको आवश्यकता बनिसकेको छ । तसर्थ, यस कार्यको व्यवस्थापनका लागि मर्जरको नीति कानुनी रूपमै सुनिश्चित गरिनु उपर्युक्त हुने देखिन्छ ।

५. विधेयक विश्वविद्यालय तथा क्याम्पसहरूमा हुने विद्यार्थी, प्राध्यापक तथा कर्मचारी राजनीतिप्रति बेखबर जस्तो देखिन्छ । विधेयकले शैक्षिक संस्थाभित्र राजनीतिक दलका भ्रातृ संगठनहरूको उपस्थिति नरहने कुराको सुनिश्चित गर्नुपर्दछ । स्ववियूको खारेजी गरी विद्यार्थी गुणस्तर समूह, सिर्जनात्मक समूह, वातावरण संरक्षण समूह जस्ता समूहको व्यवस्था गर्ने र त्यस्ता समूहमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीले मात्र प्रतिनिधित्व गर्न पाउने कानुनी व्यवस्था गर्नु राम्रो हुनसक्छ । विश्वविद्यालयहरूमा राजनीतिक आवरणमा प्राध्यापक तथा कर्मचारीले संगठन गर्ने कार्य पूर्णतः निषेध गर्नुपर्दछ ।

अन्त्यमा, नेपालको उच्च शिक्षालाई समयको माग अनुरूप पुनर्संरचना एवं सुधार गर्नका लागि प्राप्त अवसर सरोकारवालाहरू समेतको बृहत् सहभागितामा अधिकतम स्वीकार्य हुने गरी उपयोग गर्नुमा नै सबैको भलाइ हुन सक्दछ ।

# प्रधानमन्त्री र मुख्यमन्त्रीको पदका लागि प्रत्यक्ष निर्वाचनमा जाने हो कि ?

प्रा. कृष्ण खनाल

आज यहाँ जुन शीर्षक चयन गरिएको छ, अभ्यासमा संघीय लोकतान्त्रिक गणतन्त्र । यो विचारको उद्भव कसरी भयो ? म त्यसतर्फ जान चाहन्छु । मलाई सम्झना छ, ०५६ देखि ०५९ सालतिर राज्यमा आफ्नो ठाउँ खोज्ने बहसले एउटा सघन रूप लिन थालेको थियो ।

लोकतन्त्रको अथवा लोकतन्त्रले दिने व्यक्तिगत स्वतन्त्रताको एउटा फाइदा हुँदो रहेछ, त्यो फाइदाको सबैले उपयोग गर्दा रहेछन् । त्यसले एउटा अभिव्यक्तिको ठाउँ दिएको छ । ०४६ सालको आन्दोलनपछि त्यो अभिव्यक्तिले बिस्तारै ठाउँ लिन थाल्यो । महिला, दलित, जनजाति, मधेसी सबैले राज्यमा आफ्नो ठाउँ वा अनुहार खोज्न थाले । तर त्यतिखेरको संरचना र व्यवस्थाका कारण ती अनुहारहरूको प्रतिनिधित्व चित्तबुझ्दो थिएन ।

त्यतिखेर माओवादीको सशस्त्र विद्रोह वा उहाँहरूकै भाषामा जनयुद्ध चलिरहेको थियो । विभिन्न जाति तथा समुदायलाई उहाँहरूले राजनीतिक रूपमा परिचालन गरिरहनुभएको थियो । केही नाराहरू आइरहेका थिए– स्वायत्तता, पहिचानका मुद्दाहरू उठिरहेका थिए । त्यसले मानिसहरूलाई आकर्षण गरिरहेको थियो । त्यताबेला कोठाभित्रबाट बहसहरू चलिरहेका थिए । प्रायः बहसहरूमा मलाई बोलाउँथे । म परेँ खस-आर्य बाहुन तर बहस उठाउने मभन्दा भिन्न समुदाय थिए ।

मैले एकपटक भनेको थिएँ– जनजातिहरू मात्रै बसेर समाधान खोज्ने हो भने हुँदैन । जबसम्म तपाईंले अन्तर्समुदाय, अन्तर्समूहबिच बहस गराउन सक्नुहुन्न, त्यसले पुग्दैन । दलितहरू वा महिलाहरूको सन्दर्भमा पनि यही हो । अलिकति प्रस्टसँग तपाईंले समाजलाई त्यो बहसमा ल्याउन सक्नुहुन्न भनेदेखि एकांगी हुन्छ । समस्या छ, तर आफू मात्रै बसेर समाधान खोज्दा हुँदैन । नेपाली समाज विविधताले भरिएको छ ।

केही माओवादी निकट साथीहरूले लेनिनको उदाहरण दिनुहुन्थ्यो । केही अल्पसंख्यक समुदायका लागि माओले चीनमा अभ्यास गरेको 'अटोनोमस रिजन' (स्वायत्त क्षेत्र) को कुरा गर्नुहुन्थ्यो । त्योभन्दा मेरो स्कुलिङ फरक थियो । चलनचल्तीको भाषामा म अलि डेमोक्रेसीमा विश्वास गर्थें । नपुगेको त मलाई पनि लाग्थ्यो । तपाईंले खोजेको अटोनोमी (स्वायत्तता) चीनमा अभ्यास भएको छ, त्यो पनि केही सेक्टर (क्षेत्र)का लागि । त्यो हाम्रो समाजसम्मत हुन सक्छ कि सक्दैन ? म पनि अटोनोमीको पक्षमा छु । त्यो अटोनोमी बोर्डर डेमोक्रेटिक फ्रेमवर्कमा हुन सक्छ, जुन संघीयताभित्र हुन सक्छ । यो बहस र आन्दोलन हुँदै जाँदा हामी एक प्रकारले संघीयतामा प्रवेश गर्‍यौं । यो बिस्तारै सबैलाई स्वीकार्य भयो । पहिलो संविधानसभाको चुनावको घोषणापत्र हेर्नुभयो भने राष्ट्रिय जनमोर्चाबाहेक कुनै पनि चुनाव लड्ने पार्टीले संघीयतालाई अस्वीकार गरेको छैन– चाहे त्यो राप्रपा होस्, राप्रपा नेपाल होस् या अरु पार्टीहरू हुन् । पछि पोलिटिकल राइम स्टेप (राजनीतिक लयको चाल) अलिकति फरक हुँदै जाँदा राजनीति गर्नेका भाषा फरक हुन्छन् ।

अब भन्नुपर्‍यो– दुईपटकभन्दा बढी तपाईंहरू प्रधानमन्त्री हुन पाउनुहुन्न, कार्यकालको कुरा छाडिदिऊँ । यसो भन्नेबित्तिकै यसले नयाँ नेतृत्व जन्माउँछ । सम्भावना सबैतिर अथाह छ । यो सम्भावनालाई जसले रोकेको छ, त्यसलाई तोड्नुपर्‍यो ।

एकछिन सम्झनुस्, यिनै मुद्दामा ०६२/६३ सालतिर बहस गर्दा यो ठाउँमा कस्तो उपस्थिति हुन्थ्यो ? आज किन यस्तो (यति कम सहभागिता) छ ? आज उत्साह छैन । संघीयता अभ्यासको बहस गर्नका लागि यो उपस्थितिले उत्साह दिँदैन । मान्छेको आकर्षण घटिरहेको छ भन्ने देखिन्छ । मलाई के लाग्छ भने, विचारको अन्तर भयो । यसको उद्भव जुन विचारका आधारमा भयो, राजनीतिमा त्यो छैन ।

संविधानसभाको चुनावपछि एक दिन प्रदीप गिरीसँग कुरा हुँदा उहाँले भन्नुभयो– कृष्णजी यो विचार भएन । संविधानसभामा विचार छैन । हामी त पुग्यौं तर विचारविहीन संविधानसभा छ । विचार भनेको पार्टीको घोषणापत्रको मात्रै कुरा होइन, नेतृत्वले जुन स्पन्दन दिन्छ, त्यो स्पन्दन त्यहाँ देखिँदैन ।

संघीयतामा जाँदा यति लामो विशेषण (संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल) जोड्नैपर्दैनथ्यो । संघीय नेपाल, लोकतान्त्रिक नेपाल वा गणतान्त्रिक नेपाल भने मात्रै पुग्छ । साँच्चै लोकतन्त्रको अभ्यास गर्ने हो भने त्योभित्र इन्बिल्ट हुन सक्छ संघीयता, अक्षरमा खोजेर हुँदैन । त्यसरी अलिकति विचारमा कताकता अन्तर म देखिरहेको छु । यसो हुनुमा आजको सबैभन्दा ठुलो समस्या नेतृत्वमै देखिन्छ ।

यहाँ प्रयोग गरेको वाक्यांश (अभ्यासमा संघीय लोकतान्त्रिक गणतन्त्र)लाई स्पन्दन दिन सक्ने नेता छैन आज । आज मात्र होइन, संविधानसभामा हामी प्रवेश गरेका दिनदेखि मैले त्यो नेता खोजिरहेको छु तर पाउन सकिरहेको छैन । त्यसकारण आज सबैभन्दा ठुलो समस्या नेतृत्वको हो । जब त्यो लिडरसिप छैन भने यो (संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास) प्राविधिक कुरा हुन्छ, संसद्को बैठक बस्नु नबस्नुको कुनै अर्थ हुँदैन । किनभने त्यसले जनताको भावनालाई स्पन्दन दिन सक्दैन । एउटै विधेयकमाथि सबै बैठक चलिरहेको छ । यो पृष्ठभूमिबाट हेर्दा- हाम्रो भावना बोक्न सक्ने नेतृत्व भएन ।

म देशका विभिन्न ठाउँ पूर्वदेखि पश्चिमसम्म घुमिरहेको हुन्छु । सबैतिर मैले के पाएँ भने, नेता त बालेन शाहजस्तो हुनुपर्छ । हाम्रा नेताप्रति जनताको वितृष्णा भएकाले अहिले जनताले नयाँ प्रयोग (मत दिने सन्दर्भमा) गरिरहेका छन्, यसमा मेरो नकारात्मक धारणा छैन ।

घुम्दा मैले केही कुराहरू सुन्न पाएँ, कुनै पार्टीकै भर्खरको कार्यकर्ताले भने- संघीयता किन चाहियो ? अर्कोले भन्छ, यत्रो हिन्दुहरू भएको देशमा यो धर्मनिरपेक्षता किन चाहियो ? अर्को भन्छ, अस्थिरताको कारण नै समानुपातिक निर्वाचन प्रणाली रहेछ । यो भन्ने जम्मै नयाँ पुस्ताका हुन्, कांग्रेस-एमालेसँग जोडिएका युवा कार्यकर्ताहरू । कांग्रेस वा एमालेले चाहेर समानुपातिक र संघीयता आएको हो र ? ०४७ सालकै संविधान ठिक थियो ? के कारणले हामी अहिलेको प्रतिनिधित्व प्रणालीमा जानुपरेको हो ? यसको गहिराइ नबुझीकन उपचार गर्न खोजेर के हुन्छ ?

हिजोको प्रणालीलाई बाध्य भएर एमाले-कांग्रेसले सुधार गरेका हुन् । यो सुधार के कारणले आयो भन्नेमा हामी फेरि एकपटक प्रवेश गर्नुपर्छ । आज हामीले हिजो (०४६ को परिवर्तनपछि) कै संसद् दोहोर्‍याउँदा पनि त्यहाँ के कुरा अभाव थियो, किन यत्रो आन्दोलन गर्नुपर्‍यो, यत्रो ठुलो नयाँ प्रयोग किन गर्नुपर्‍यो, यो संविधान किन चाहियो भन्ने प्रश्न उठ्छ ।

अहिले यस (व्यवस्था)को माग गर्ने शक्तिहरू कमजोर भएर गए । कमजोर उनीहरूकै कारणले भएका हुन् । अब त समानुपातिक हटाइदिए पनि हामीलाई ताली पिटिहाल्छन् भन्ने एकथरीको सोचाइ छ । हिन्दुको नाममा बढी भोट आउँछ, धर्म निरपेक्षता किन चाहियो भन्ने अर्को थरीको सोचाइ छ । यसरी सतही राजनीतिको फाइदा लिने खेलमा हाम्रो राजनीति बढी उन्मुख छ । दल र संसद् यसै भासमा फसेका छन् ।

दलको कुरा गर्दा– अहिले दलहरूमा व्यक्ति अपरिहार्य भएको छ । सबैभन्दा टाउकोमा जसलाई राखिरहेको छौं, सभापति भनौं, अध्यक्ष भनौं ती अपरिहार्य भए । फलानो नभए पार्टी नै चल्दैन भन्ने मानसिकता निर्माण भएको छ । यही १९औं शताब्दीको सिद्धान्तमा अहिलेका पार्टी संगठन संरचनाहरू आधारित छन् । २०औं शताब्दीमा यस्तै प्रयोग भए । आज यत्रो विकास भएको छ, आज त पार्टी संगठन नै चाहिँदैन, त्यो त बेसिक कुरा भयो । हिजो संगठन किन चाहिएको थियो भने, एउटा लिडरसिपको म्यासेज जनतासम्म पुर्‍याउनका लागि पार्टी संगठन र कार्यकर्ताहरू म्यासेन्जरका रूपमा थिए । आज चाहिँदैन, एकैपटकमा हुन्छ ।

संगठन संरचनाको कुरा गर्दा– आफ्नै आशीर्वाद प्राप्त मानिस, आफैंले नियन्त्रण गरेको मानिसलाई सदस्यता वितरण गरिन्छ । यो खालको पार्टी संगठन प्रणालीबाट हामीले अहिले २१औं शताब्दीमा अपेक्षा गरेको संसद्को अभ्यास असम्भव छ ।

व्यक्ति पनि परिवर्तन हुन जरुरी छ । उत्तरदायी नेतृत्व भनेको के ? एउटा नेताले गरेको गल्तीबाट सिंगै देश, समाज र विश्व नै प्रभावित हुन्छ । लोकतन्त्रको कुरा गर्दा उत्तरदायी नेतृत्व धेरै महत्त्वपूर्ण हुन्छ ।

आजको समस्या के छ भने, संसदमा आज ठुला पार्टीका नेता उभिएर औंला ठड्याएर बोल्न सक्ने हैसियतमा छैनन् । किनभने नैतिक रूपमा पतन छन् । एकछिनलाई मानौं, प्रमुख विपक्षी दलको नेताले संसद्मा कसरी औंला ठड्याउने ? हिजो आफ्नै नेतृत्वको सरकारमा तमाम गल्ती भएका छन् । यसैले हरेक चुनावपछि नेतृत्व परिवर्तन हुनुपर्छ ।

चुनावपछि नयाँ नेतृत्व आउँदा उसले औंला ठड्याएर प्रश्न गर्न सक्छ । अहिले धेरैले दुई कार्यकालको कुरा गर्छन् । यहाँ आजसम्म एउटै कार्यकाल पूरा गर्ने प्रधानमन्त्री कोही पनि भएन । अब दुईपटकमा जानुपर्छ, कार्यकालमा होइन । एक व्यक्तिले दुईपटकभन्दा बढी प्रधानमन्त्रीको नियुक्ति लिन वा शपथ ग्रहण गर्न जान नपाउने भनी बाँध्नुपर्ने भयो । क्षमतावान् मानिसले एक महिना अवसर पायो भने सबैलाई लिएर हाँक्न सक्छ । यो मान्छे ठिक रहेछ भनेर आफ्नो पार्टीभित्र र अरु पार्टीमा पनि ताली पिट्ने जमात बनाउनुपर्‍यो । हाम्रो संविधानले एक प्रकारको राजनीतिक संस्कृतिको अपेक्षा गर्छ । यसमा पहिलो हो, गठबन्धन संस्कृति । यो संविधान कार्यान्वयन गर्ने हो भने गठबन्धन अपरिहार्य छ । गठबन्धनमा अवसरवाद मात्रै देखिन्छ– कतिखेर खुट्टा तान्ने, कतिखेर हात मिलाउने । गठबन्धनको संस्कृतिका लागि पार्टीहरूमा बाध्यकारी स्थिति बनाइनुपर्छ ।

अब भन्नुपर्‍यो– दुईपटकभन्दा बढी तपाईंहरू प्रधानमन्त्री हुन पाउनुहुन्न, कार्यकालको कुरा छाडिदिऊँ । यसो भन्नेबित्तिकै यसले नयाँ नेतृत्व जन्माउँछ । सम्भावना सबैतिर अथाह छ । यो सम्भावनालाई जसले रोकेको छ, त्यसलाई तोड्नुपर्‍यो ।

संविधान कहीँ पनि पूर्ण हुँदैन । अमेरिकाको संविधान १७९९ मा बन्यो । त्यतिबेलाको समाज र विश्व आज छैन । त्यो संविधानका दुइटा कुरा मात्रै त्यहाँ छन् अहिले । एउटा, हरेक चार-चार वर्षमा राष्ट्रपतिको चुनाव हुन्छ । अर्को, सिनेटको पनि चुनाव हुन्छ । त्यो संविधान आउँदा अहिलेका पार्टी नै थिएनन् । त्यसैले संविधानलाई मात्रै दोष दिएर हुँदैन । संविधानमा केही त्रुटिहरू छन् । यसमा कहाँ त्रुटि भयो भनेर समीक्षा गर्न सकिन्छ । संक्रमणकालीन प्रावधानभित्र प्रदेशको बारेमा पुनर्विचार गर्ने कुरा थियो । न आयोग बन्यो, न केही भयो । केही अपूर्णताहरू त्यहाँ थिए भनेर संविधान निर्माताले नै तत्काल स्वीकार गर्नुपर्ने कुरा हो । एकपटक रिभ्यु गर्न सकिन्छ । संसद्मा रिभ्यु कमिटी बनाउन सकिन्छ ।

हाम्रो संविधानले एक प्रकारको राजनीतिक संस्कृतिको अपेक्षा गर्छ । यसमा पहिलो हो, गठबन्धन संस्कृति । यो संविधान कार्यान्वयन गर्ने हो भने गठबन्धन अपरिहार्य छ । गठबन्धनमा अवसरवाद मात्रै देखिन्छ– कतिखेर खुट्टा तान्ने, कतिखेर हात मिलाउने । गठबन्धनको संस्कृतिका लागि पार्टीहरूमा बाध्यकारी स्थिति बनाइनुपर्छ । यस्तै, पटकपटक प्रधानमन्त्री हुन पाउने सुविधालाई हटाइदिने हो भने त्यसले एउटा वातावरण निर्माण गर्छ ।

संविधानको एकपटक समीक्षा गरौं, यो प्रणालीमा अलिकति पुनर्विचार गर्नैपर्छ कि भन्ने लाग्छ । जस्तो : प्रदेशको मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचन किन नगर्ने ? यो गर्नेबित्तिकै संघीयताबाट अटोनोमस इन्स्टिच्युसन खडा हुन्छ । मतदाताप्रति निष्पक्ष उत्तरदायी हुने एउटा संस्था खडा हुन्छ । नत्रभने पार्टीको लगाममै त्यो चलिरहन्छ । यो कुरा प्रधानमन्त्रीको पदमा पनि लागू हुन्छ । यी दुइटा कार्यकारी पदमा प्रत्यक्ष निर्वाचनमा जाने हो कि ?

# सङ्घीयता कार्यान्वयनमा लाग्छु : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री एवं राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिवर्तनको मुख्य संवाहक हुनुका नाताले आफू सङ्घीयता कार्यान्वयनमा दृढताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित राष्ट्रिय समन्वय परिषद्को दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, "सङ्घीयता कार्यान्वयनमा मुख्यमन्त्रीहरूले मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ सङ्घीयता कार्यान्वयनमा लाग्छु ।"



विसं २०७६ मा परिषद्सम्बन्धी कानुन बने पनि पहिलो बैठक आफूले नै गत असारमा राखेको प्रधानमन्त्रीले स्मरण गरे । सङ्घ, प्रदेश र स्थानीय सरकारका काम-कारबाहीमा समन्वय र सुदृढ गर्न परिषद्को बैठक राखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, "चार वर्ष एउटै बैठक नबसेर बित्यो । मैले छ महिनामा दुईवटा बैठक राखेर सङ्घीयता कार्यान्वयनको पहल लिएको छु ।"सङ्घीयता कार्यान्वयन गर्न आफू मुख्यमन्त्रीहरूसँग लगातार छलफलमै रहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोड दिए । "यो बैठकले गति पैदा गरेको अनुभूति गरेको छु । मलाई सबै मुख्यमन्त्रीज्यूहरूको आशा र भरोसा छ । सङ्घीयता कार्यान्वयनमा यो मेरो शक्ति हो", उनले भने, "मैले पनि सरकारको नेतृत्वमा आएदेखि नै यहीँ विषयलाई केन्द्रमा राखेर काम गरिरहेको छु ।"प्रधानमन्त्री दाहालले सङ्घीय निजामती सेवा ऐन र प्रहरी समायोजनका लागि उपप्रधानमन्त्रीहरूलाई जिम्मेवारी नै तोकेर काम थालिएको जानकारी दिए । "सङ्घीय ऐनहरू निर्माण नै हाम्रो प्रमुख कार्यभार हो । प्रदेशहरूले जनतालाई सेवा दिन थालेपछि सङ्घीयता विरोधीलाई राम्रो जवाफ हुनेछ", उनले भने ।

तीनै तहका सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट सामूहिक विवेकको केन्द्रिकृत अभिव्यक्ति हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले योजना पूरा नगर्ने, नयाँ-नयाँ योजना ल्याउने र निर्धारित समयमा सम्पन्न नहुने अवस्थाको अन्त्य गर्नुपर्ने बताए । "असन्तुलित विकास र ढिलासुस्तीले राज्यको दायित्व बढेको छ । यो अवस्था यसपटक अन्त्य हुन्छ । बजेट निर्माणमा रहेका बेथिति अन्त्य गरिन्छ", प्रधानमन्त्री दाहालले भने ।

बैठकमा उप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्रीले लिएको अग्रसरताले यससम्बन्धी अन्योल हटेर गएको बताए । उनले भने, "सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री गम्भीर हुनुहुन्छ । निजामती ऐन टुङ्ग्याउन प्रधानमन्त्रीको निर्देशनअनुसार मैले नै पहल गरिरहेको छु । यही संसद् अधिवेशनबाट पारित गर्छौं ।" उपप्रधानमन्त्री खड्काले सङ्घीयता कार्यान्वयन साझा जिम्मेवारी भएको उल्लेख गर्दै सामूहिक भावनाका साथ काम गर्न सबैलाई आग्रह गरे ।

उप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सङ्घीयता कार्यान्यवनमा प्रधानमन्त्रीले चिन्ता र चासोका साथ काम गरिरहेको उल्लेख गरे । "सङ्घीयता कार्यान्वयनका लागि प्रधानमन्त्रीले सबै मन्त्रीलाई छिटो काम गर्न निरन्तर प्रेरित गरिरहनुभएको छ", उनले भने, "प्रहरी समायोजनको प्रक्रिया अगाडि बढेको छ । केही दिनमा समायोजनको प्रक्रिया टुङ्ग्याउँछौं ।"

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्रीको सक्रियताले आफूहरूलाई उत्साह पैदा गरेको बताए । सङ्घीय कानुन निर्माणका निम्ति मन्त्रालयले काम गरिरहेको जानकारी दिँदै उनले चालु संसद् अधिवेशनमा अधिकांश सङ्घीय ऐनहरू पारित हुने विश्वास दिलाए ।

# कानुन निर्माणमा सत्तापक्ष र प्रतिपक्ष नहुनुपर्ने जनार्दन शर्माको भनाई

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले कानुन निर्माणमा कोही पनि सत्ता र प्रतिपक्ष हुन नहुने बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उनले कानुन निर्माण नागरिक र मुलुकको हितका लागि हुने भएकाले सत्ता र प्रतिपक्षमा विभाजन हुन नहुनेमा जोड दिए ।

"कानुन निर्माणमा सत्तापक्ष र प्रतिपक्ष भन्ने हुँदैन । कानुन निर्माण न्यायपूर्ण हुने भएकाले यसमा सत्तापक्ष र प्रतिपक्ष हुनु राम्रो पनि होइन ।

सत्तापक्ष र प्रतिपक्ष त गणतन्त्र तथा सङ्घीयता मान्ने र नमान्नेबीचको हुनुपर्ने हो । सुशासन मान्ने र नमान्नेबीचको हो । यसकारण कानुन निर्माणमा सबैको सहयोग हुनुपर्दछ", उनले भने ।

संसद्को अघिल्लो अधिवेशन महत्वपूर्ण कानुन निर्माणमा सक्षम हुन नसकेको भन्दै उनले हिउँदे अधिवेशनलाई व्यवस्थित गर्न संसद्को कार्यतालिका बन्नु सराहनीय काम रहेको बताए । "यस अधिवेशनमा हामीले कुनै अलमल नगरी कानुन निर्माण र जनताका गुनासा सम्बोधन गर्नुपर्छ । हामीलाई अलमल गर्ने छुट छैन । सङ्घीयता कार्यान्वयन, मानव पुँजी निर्माणलगायतका क्षेत्रका कानुन निर्माण गर्नुछ । यस्ता कानुन बन्न नसक्दा प्रदेश र स्थानीय ढङ्गले प्रभावकारी रुपमा काम गर्न सकेका छैनन्", शर्माले भने ।

संसद्मा दर्ता भएका र संसदीय समितिमा छलफलका क्रममा रहेको विधेयकलाई चाँडो टुङ्गाउनुपर्नेमा उनले जोड दिए । सङ्घीय निजामती ऐन, शिक्षा ऐन, भूमि ऐन, विकास निर्माण र सुशासनसँग सम्बन्धित कानुनलाई जतिसक्दो चाँडो संसद्बाट पारित गरेर कार्यान्वयनमा ल्याइनुपर्ने उनको भनाइ थियो ।

शान्ति प्रक्रियाको कामलाई चाँडो टुङ्गाउनुपर्ने भन्दै उनले भ्रष्टाचारको राजनीतिकरण त्यागेर सुशासनका लागि सबै दल एकजुट हुनुपर्नेमा पनि जोड दिए ।

सरकार र संसदले संविधानमा भएको व्यवस्थाअनुसार काम गरी जनतामा विश्वास जगाउन आवश्यक रहेको धारणा राखे । "जनताका मुद्दालाई, विकास निर्माणका समस्या र कानुन निर्माणका आवश्यकतालाई गम्भीर भएर संसद्मा छलफल चलाइनुपर्छ", उनले भने, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउने, सुशासनसहितको आर्थिक विकास, मौलिक अधिकारको प्रत्याभूति गर्नेलगायतका चुनौती हाम्रा सामु छन् ।" नेपालसँग भएको स्रोत साधन प्रयोग गरेर आर्थिक समृद्धि हासिल गर्न सकिने पनि उनको भनाइ छ ।

मुलुकलाई गति दिन समग्र कार्यशैलीमा परिवर्तन र इमान्दारिताको आवश्यकता रहेको भन्दै उनले सुशासन कायम गर्ने संस्था नै बलिया नभएको बताए । "ती संस्थालाई सुदृढ र बलिया बनाइनुपर्छ । त्यहाँ राजनीतिकरण हुनुहुँदैन । सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा जसरी काम गरेको छ, त्यसलाई थप प्रभावकारी बनाउन संसद्को पनि भूमिका रहन्छ", उनले भने ।

# डाँगीद्वारा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सचेतक निशा डाँगीले सवारी दुर्घटना न्यूनीकरणका उपायसहित प्रतिनिधिसभामा बुधबार जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएका छन् ।



बढ्दो सवारी दुर्घटनाबाट प्रत्येक वर्ष दुई हजारभन्दा बढीले ज्यान गुमाइरहेको र यसबाट राज्यलाई ठूलो क्षति पुऱ्याइरहेको उक्त प्रस्तावमा उल्लेख छ । प्रस्तावमा सवारी दुर्घटनाको अवस्था, दुर्घटनाले पुऱ्याउने तत्कालीन र दीर्घकालीन असर र दुर्घटनाका कारणसमेत उल्लेख गर्दै चालक अनुमति पत्र किनबेच गर्ने विचौलिया प्रवृत्तिको अन्त्य, ट्राफिक सचेतना प्रवर्द्धन, सडक प्रयोगकर्तामैत्री पूर्वाधार र व्यवस्थित तथा सुरक्षित सार्वजनिक यातायातको माग गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित प्रस्तावमा राष्ट्रिय विकास योजनामा दिगो विकासका लक्ष्य समावेश गरेको नेपालले 'ग्लोबल रोड ट्राफिक सुरक्षा'का उद्देश्यसँग तालमेल मिलाएर काम गर्नपर्ने मार्गनिर्देशनको मागसमेत गरिएको छ । यस्तै, सडक र विद्यामान पूर्वाधारका क्षमता वृद्धि र स्तरोन्नतिका लागि सरकारका योजना एवं कार्यक्रमबारे सरकार, विज्ञ र सरोकारवालासमेतको उपस्थितिमा छलफल माग गरिएको छ ।

प्रस्तावमा सचेतक डाँगीले सडक दुर्घटनाको न्यूनीकरण गर्न र पैदल यात्रुको सुरक्षा सुनिश्चित गर्न नयाँ कानुन आवश्यक भएको भन्दै त्यससम्बन्धी छलफल गर्न माग गरेका छन् ।

"दुर्घटनामा परेर ज्यान गुमाउने वा घाइते ६६ लाख ६६ हजार नौ सय ३७ परिवार रहेको र त्यसमध्ये हरेक ३९ मध्ये एक परिवारले दुर्घटनाका घाइते स्याहारिरहेको छन्", प्रस्तावमा भनिएको छ, "दीर्घकालीन असर हेर्ने हो भने राज्यले बेहोर्नुपर्ने मानवीय, आर्थिक र सामाजिक क्षति पनि उत्तिकै ज्यादा हुने गर्छ । सडक दुर्घटनाका कारण बर्सेनि करिब रु दुई खर्बको क्षति हुने गरेको छ ।"

गत आवमा मात्रै सडक दुर्घटनाबाट रु एक खर्ब ७३ अर्ब बराबरको आर्थिक क्षति नेपालले बेहोर्नुपरेकोर सडक दुर्घटनाकै कारण कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को तीन प्रतिशत बराबरको आर्थिक नोक्सानी बर्सेनि सरकारले बेहोरिरहेको प्रस्तावमा उल्लेख छ ।

प्रस्तावको समर्थकमा रास्वपाका उपसभापति एवं सांसद डोलप्रसाद अर्याल, सहमहामन्त्री एवं सांसद सुमना श्रेष्ठलगायतका सांसद छन् ।

# कार्यतालिका बनाउनु स्वागतयोग्य'

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सदनलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सभामुखमार्फत ल्याइएको कार्यतालिकाको स्वागत गरेका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उनले कार्यतालिका कार्यान्वयनमा आफू विश्वस्त रहेको समेत बताए ।

"सदनमा यसपटक कार्यतालिका कार्यान्वयन हुने भएको । यसको कार्यान्वयनले विगतमा कुनै कारणले सदन प्रभावित हुने प्रवृत्तिलाई समेत न्यूनीकरण गर्नेछ । कार्यतालिका कार्यान्वयन हुँदा निर्धारित दिनको जिम्मेवारी सोही दिन पूरा हुनेमा विश्वास लिएको छु", उनले भने ।

सभापति लामिछानेले सर्वदलीय बैठक दलीय स्वार्थ र भागबन्डामा केन्द्रित भएको भन्दै असन्तुष्टि व्यक्त गरे । उनले सर्वदलीय बैठक पार्टीको नेताको घर वा कार्यालयमा नभइ मुसहर बस्तीमा बस्नुपर्छ भने । उनले सर्वदलीय बैठक बसी आर्थिक शिथिलता र युवा पलायन रोक्ने विषय, र युवा लक्षित 'प्रोजेक्ट होप अभियान'का विषयमा छलफल गर्नुपर्नेमा जोड दिए । साथै सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणका लागि प्रतिबद्धता व्यक्त गर्दै विसं २०४८ पछिका सबै जनप्रतिनिधिको सम्पत्ति छानबिन गर्नुपर्ने धारणा राखे ।

उनले रुग्ण भएका भौतिक आयोजनाको व्यवस्थापन र शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको सङ्कट समाधानका लागि सदनमार्फत सरकारको ध्यानाकर्षण गराए । "सर्वदलीय बैठकमा सहकारी र लघुवित्त संस्थाको कडा नियमन र पीडितको रकम फिर्ता गर्न सम्पत्ति रोक्का र जफत प्रक्रिया तुरुन्त सुरु विषयमा छलफल गरौं", उनले भने, "यो विषयलाई संसदमा ल्याएर छलफल गरौं । यसका लागि कानुनी र प्रशासनिक तदारुकता देखाउनुपर्छ ।"

उनले संसदमा सत्तापक्षले बहुमतको बलमा प्रतिपक्षले राख्ने संशोधन फेल गराउने प्रवत्तिमा पनि असन्तुष्टि व्यक्त गरे । "सांसदहरुले दर्ता गराउने सङ्कल्प प्रस्ताव र सार्वजनिक महत्वका प्रस्ताव कार्यसूचीमै नचढाउने प्रवृत्ति गलत छ", उनले भने, "नागरिकसँग प्रत्यक्ष जोडिने यस्ता अनेकौं प्रस्ताव दर्तामै सीमित गराउने प्रवृत्तिको अन्त्य गर्न दल र सरकार सबैको ध्यानार्कषण गराउन चाहन्छु ।"

# सांसदको भूमिका महत्वपुर्ण हुनुपर्ने सांसद रायमाझीको भनाई

काठमाण्डु । सङ्घीय संसद्मा जनप्रतिनिधिको जिम्मेवारी बहन गरेको एक वर्ष बढी बितिसकेछ । मेरो संसदीय राजनीतिको पहिलो अनुभव प्रतिनिधिसभा नै हो । आम नागरिक, श्रमजीवीको प्रतिनिधित्व गर्दै थुप्रै काम गर्न सकिन्छ कि भनेर जागिर छाडेर निर्वाचनमा होमिएकी हुँ । अपेक्षाअनुरुप हुन त सकेन, तर पनि संसदीय अभ्यासको सम्बन्धमा यो अवधिलाई मैले अध्ययन, अनुसन्धानको वर्षका रुपमा लिएकी छु ।



कानुन निर्माण गर्ने जनप्रतिनिधिमूलक सर्वोच्च निकायको गरिमालाई जोगाइ राष्ट्रिय हित तथा जनताको सार्वभौम अधिकारलाई मध्यनजर गर्दै सांसद आफ्नो जिम्मेवारीलाई प्रभावकारी ढङ्गले निर्वाह गर्नेतर्फ केन्द्रित हुनुपर्छ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुकको विशेषताअनुरुप संसद्मा सांसदको प्रतिनिधित्व हुन्छ । यो विविधताबीच एकता कायम गर्नु आजको आवश्यकता हो । भिन्न भिन्न पृष्ठभूमि, विचार, क्षमतासहितको प्रतिनिधित्वलाई एकापसमा सुदृढीकरण गर्न जरुरी छ । यस संस्थालाई सुदृढ बनाउनमा सबै सांसदको भूमिका उत्तिकै हुन्छ ।

जनप्रतिनिधिका उद्देश्य राजनीतिक विचार, निर्वाचन क्षेत्रअनुसार फरक फरक होलान् तर जनताको प्रतिनिधित्व गर्दै प्रतिनिधिसभाको सदस्य भइसकेपछि राष्ट्रिय हितका सम्बन्धमा साझा मुद्दा बनाउनुपर्छ । राष्ट्रिय सहमति जनाइ राजनीतिक दल एकताबद्ध हुनुपर्छ ।

संसद्लाई प्रभावकारी बनाउन सबै सांसदले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्न आवश्यक छ । मन्त्री, विषयगत सभापतिलगायत राजनीतिक पदका लागि सांसद दौडधुप गरेको पनि देखिन्छ । संसद् जनप्रतिनिधिको सर्वोच्च निकाय हो । सबै सांसद समान रुपमा रहेका हुन्छन् । अन्य सांसदलाई सोही दृष्टिबाट हेर्न जरुरी छ । व्यक्तिगत रुपमा मलाई हेर्दा, म सांसदको भूमिका प्रभावकारी रुपमा निर्वाह गरेर स्वच्छ रुपमा बाहिर निस्कनु मेरो ध्येय छ ।

सरकार पक्ष संसदीय अभ्यासलाई प्रभावकारी बनाउन सजग हुनुपर्छ । संसद चलाउने र फलदायी बनाउन सबै तत्पर हुन आवश्यक छ । संसदलाई बिजनेस दिने भनेको सरकारको काम हो । वर्तमान गठबन्धनको सरकार यस कार्यमा केही चुकेको छ । सांसदले सरकारले ल्याएको विधेयकमाथि छलफल र निष्कर्ष निकाल्ने हो संसद्मा आएको एक वर्षको समीक्षा गर्दा अघिल्लो अधिवेशनमा सरकारले बिजनेस दिन नसकेको हुनाले धेरै विधेयक टुङ्गो लगाउन सकेनौं ।

हामीले जनतामाझ विश्वासको वातावरण सिर्जना गर्न सकेका छैनौं । हाम्रो जिम्मेवारी पूरा गर्न नसकेको हो कि भन्ने महसुस भएको छ ।

चालु अधिवेशनमा सांसदहरु प्रभावकारी ढङ्गले सांसदको भूमिका निर्वाह गर्नको लागि तयार हुन आवश्यक छ । प्रमुख प्रतिपक्षले सरकारलाई सजग र सचेत बनाउनु प्रमुख भूमिका हुन्छ । सरकार सत्ता टिकाउनका लागिमात्र अग्रसर हुनु हुँदैन । जनतालाई सरकारको अनुभूति दिलाउन पहल गरोस् ।

म मेरो जिम्मेवारी बहन गर्न प्रयासरत छु । राजनीतिक दलमा नयाँ सदस्यलाई प्रमुख सचेतक, सचेतकले दिएको समय, मापदण्डअनुरुप चलेका हुन्छौ । शून्य समयमा उपलब्ध हुने एक मिनेटमा बोल्नुपर्ने विषयमा सामाजिक, समसामयिक विषयमा सर्वसाधारण नागरिकका मुद्दा उठान गर्ने गरेकी छु । मुख्यतः उठान गरेको विषयलाई सम्झनुपर्दा, मैलै काठमाडौंमा महिलाको छुरी प्रहार गरी भएको हत्याप्रति संसद्मा आकस्मिक समय मागेर प्रश्न उठाइसकेपछि तत्काल हत्यारा पत्ता लगाउन सम्बन्धित निकाय सफल भयो ।

नीति निर्माण कार्यक्रम, बजेट वक्तव्यमा विकास निर्माणका लागि बजेट प्राप्तिका लागि जोड्दार माग गरेको तर सम्बोधन हुन नसकेको अवस्था छ । तर सांसदको जिम्मेवारी निर्वाह गर्दा उठाएका विषय प्रायः कार्यान्वयन भएका छन् । खेर गएका छैनन् भन्नेमा म विश्वस्त छु । संसद्मा विषय उठान गर्ने सन्दर्भ र विधेयकमाथिको छलफल तथा अध्ययन गर्ने क्रमको समयलाई मैले राम्रोसँग सदुपयोग गरेको महसुस गरेकी छु ।

प्रतिनिधिसभा सदस्य हुनुपूर्व सङ्घीय संसद्का जनप्रतिनिधिको भूमिका तथा संसदीय अभ्यासमा अभ्यस्त हुने गरेकी थिएँ । अहिले हामी सङ्घीय संसद्का रुपमा नीति-निर्माणमा केन्द्रित भई जनताको प्रतिनिधित्व गरिरहेका छौं । त्यही संसद्को सदस्यका लागि निर्वाचनको समयमा मतदातामाझ हाम्रा प्रतिबद्धता पूर्वाधार निर्माण केन्द्रित हुनुपर्ने अवस्था छ ।

तसर्थ सांसदप्रति निर्वाचन क्षेत्रका जनताको अपेक्षा विकास निर्माणसँग पनि जोडिएको हुन्छ । जनताले ध्यान बजेटतर्फ राख्ने गरेका छन् । यसकारण जनताको प्रतिनिधि भइसकेपछि स्थानीय, प्रदेश होस् या सङ्घको । जनतामाझ राखेका प्रतिबद्धतालाई सम्बोधन गर्न बजेट विनियोजन हुनुपर्छ । तर यो काम गर्न सकिएको छैन । जनमानसमा जनताप्रति सांसदको प्रभावकारी भूमिका नदेखिएको हुन सक्छ ।

मुलुकमा सामन्ती, निरङ्कुश, केन्द्रीकृत व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याएका छौं तर नेतृत्वकर्तामा सामन्ती सोच, पुरुषवादी सोचमा परिवर्तन भने गर्न सकेका छैनौं । जसका कारण सबै राजनीतिक दलभित्र सहभागितामूलक निर्णय हुन नसकेका तीतो यथार्थ छ । म आबद्ध रहेको दलभित्र संसद्मा उठान गर्ने विषयमा समय माग गर्दा प्रमुख सचेतक, सचेतकले विषयअनुसार समय उपलब्ध गराएका छन् । दलभित्र सही वातावरण नै छ तर निर्णायक तहमा महिलालाई अर्थपूर्ण सहभागिताप्रति अझै पनि चासो नभएको अवस्था छ ।

समितिको जिम्मेवारीको हिसाबले म कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सदस्य छु । जहाँ खाद्य स्वच्छता विधेयकलाई अन्तिम चरणमा ल्याएका छौं । विद्यालय शिक्षा विधेयकमा संशोधनकर्ताका रुपमा संशोधन प्रस्ताव दर्ता गरी अध्ययन र छलफल गर्ने अभ्यास भइरहेको छ । सदन नचलेको खण्डमा गृहजिल्लाका समस्या बुझ्ने प्रयास गर्छु । अब हामी चालु अधिवेशनलाई द्रुत गतिमा लैजान विधेयकमाथिको अध्ययन, छलफलका लागि तयार हुनुपर्छ ।

**सांसद बिजुला रायमाझीको परिचय**

अर्घाखाँची जिल्ला स्थायी ठेगाना रहनुभएकी सांसद बिजुला रायमाझी नेपाल कम्युनिष्ट पार्टी (एमाले) समानुपातिक तर्फबाट हाल प्रतिनिधिसभा सदस्य हुनुहुन्छ । उहाँ विसं २०४४ देखि राजनीतिक दलमा आबद्ध हुनुभएको हो । २०३६ सालको जनमत सङ्ग्रहदेखि राजनीतिक सचेतनामा आबद्ध हुनुभएको थियो । सांसद रायमाझीसँग सङ्गठन निर्माण र प्रशिक्षणसम्बन्धी अनुभव रहेको छ ।रासस

# उद्योगी व्यवसायीको समस्या समाधानका लागि पहल गर्ने राष्ट्रपतिको भनाई

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले उद्योगी व्यवसायीको क्षेत्रमा देखिएको समस्या समाधानका लागि आफूले पहल गर्ने बताएका छन् ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले बुधबार बुझाएको ज्ञापनपत्र बुझ्दै उनले उद्योगी व्यवसायीको समस्याप्रति आफू जानकार रहेको बताउँदै त्यसको समाधानका लागि आफूले सम्बन्धित निकायसँग कुरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

"तपाईंहरुले उठाउनुभएको माग जायज छन्, मुलुकको अर्थतन्त्रलाई लयमा फर्काउनका लागि तपाईंहरुजस्ता उद्योगी व्यवसायीले खेलेको भूमिका महत्वपूर्ण छ, तपाईंको समस्या समाधानका लागि आफ्नो क्षेत्रबाट पहल गर्नेछु", उनले भने ।

महासङ्घका अध्यक्ष कुमार कार्कीले कोरोनाका कारण थलिएको व्यवसायलाई पुनःउत्थान गर्नका लागि कर्जाको ब्याजदर एक अङ्कमा घटाउनका लागि पहल गर्न आग्रह गरेका थिए ।

उनले भन्सार दरबन्दी घटाउनुपर्ने, युवालाई स्थानीय तहमा सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने, युवालाई कृषिजन्य उत्पादनमा जोड्नका लागि विशेष योजना ल्याउन सरकारसँग पहल गर्न राष्ट्रपतिसमक्ष आग्रह गरे ।

महासङ्घले किसानले उत्पादन गरेको सामग्रीलाई बजारसम्म लैजाने क्रममा ठाउँठाउँमा अनावश्यक कर तिरेर पाइरहेको दुःखको अन्त्य गर्नुपर्ने, व्यापारिक केन्द्रलाई व्यवस्थित बनाउनुपर्ने, रसुवाबाट केरुङ सामान ढुवानी गर्न जाने ट्रक र सामान लोड गर्ने मालधनी वा प्रतिनिधिलाई केरुङ जान रोक लगाउँदा व्यवसायीले समस्या भोग्नुपरको भन्दै यसको सहजीकणका लागि माग गरेको छ ।

यसैगरी, वैज्ञानिक घरभाडा लागू गर्नुपर्ने, उद्योग व्यवसाय क्षेत्र फस्टाउने वातावरण निर्माण गर्न साना तथा मझौला एवं महिला तथा युवा उद्यमीलाई सहुलियत कर्जा कम्तीमा रु २५ लाखको व्यवस्था गर्नुपर्ने, देशको अर्थतन्त्रलाई अगाडि बढाउनका लागि रुग्ण रहेको स्वदेशी उद्योगलाई स्वदेशी लगानी र जनशक्तिको प्रयोग गरी यथाशीघ्र सञ्चालन गर्न आग्रह गरेको छ ।

निजी क्षेत्रको मुद्दाका विषयमा नीति निर्माण तहमा रहेका सीमित संस्थाको 'सिन्डिकेट'को अन्त्य गरी सबै क्षेत्रका उद्योगी व्यवसायी समावेश गरी एक उच्चस्तरीय समिति गठन गर्न राष्ट्रपतिसमक्ष महासङ्घले आग्रह गरेको छ ।

यसैगरी, बैंक तथा वित्तीय संस्थाले घरजग्गा लिलाम गर्दा ३५ दिने सूचना दिएर लिलाम गर्दै आएकोमा लिलाम अवधि कम्तीमा छ महिना बनाउन र बैंक तथा वित्तीय क्षेत्रले गर्ने लगानीको कम्तीमा ५० प्रतिशत साना तथा मझौला व्यवसायीमा गर्न माग गरेको हो । भेटमा महासङ्घका पदाधिकारी एवं सदस्यको सहभागिता थियो ।

# युद्धविरामबारे छलफल गर्न ब्लिन्केन इजरायलमा

एएफपी

त ् ल

अभिभ । प्यालेष्टिनी इस्लामिक लडाकू समूह (हमास) सँगको युद्ध पाँचौँ महिना प्रवेश गरेको बेला युद्धविराम सम्झौताका लागि पहल गर्न अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन बुधबार इजरायल आइपुग्नुभएको छ ।



साउदी अरबा, इजिप्ट र कतारपछि मध्यपूर्वको भ्रमणका क्रममा उहाँले इजरायलमा नेताहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।द्वन्द्वको सुरुमा अस्थायी युद्धविरामको मध्यस्थता गरेको कतारले हमासले युद्ध रोक्नका लागि नयाँ प्रस्तावित सम्झौताको जवाफ दिएको बताएको छ ।

कतारका प्रधानमन्त्री मोहम्मद बिन अब्दुलरहमान अल थानीले ब्लिन्केनसँग दोहामा भएको भेटपछि भन्नुभयो, "जवाफमा केही थप माग समावेश भएपनि यो सकारात्मक छ ।

"ब्लिन्केनले हमासको जवाफ इजरायलसँग 'साझा' भएको र बुधबार त्यहाँ छलफल गर्ने बताउनुभएको छ ।उनले अझै धेरै काम गर्न बाँकी रहेको तर सम्झौता सम्भव छ र वास्तवमै आवश्यक छ भन्ने कुरामा आफू विश्वस्त रहेको बताउनुभयो । इजरायली गुप्तचर संस्था मोसादले पनि हमासको जवाफ प्राप्त गरेको इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले जनाएको छ ।

नेतन्याहूले मङ्गलबार भन्नुभयो, "हामी पूर्ण जितको बाटोमा छौं र हामी रोकिने छैनौं ।"इजिप्टसँग जोडिएको गाजाको दक्षिणी सीमामा रहेको राफा शहरतर्फ इजरायली सेनाले आक्रमण गरेपछि युद्धविरामका लागि दबाब बढेको छ ।

संयुक्त राष्ट्रसङ्घीय सहायता समन्वय कार्यालय ओसीएचएका प्रवक्ता जेन्स लार्कले भन्नुभयो "स्पष्ट रूपमा भन्नुपर्दा, यस अवस्थामा राफामा हुने सम्भावित कारबाहीले ठूलो मात्रामा नागरिकको ज्यान लिन सक्छ र यसबाट बच्न हामीले आफ्नो शक्तिले भ्याएसम्म सक्दो प्रयास गर्नुपर्छ ।"

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको अभूतपूर्व आक्रमणका कारण करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले इजरायली अधिकारीबाट पुष्टि गरेको तथ्याङ्कले देखाएको छ ।

लडाकूहरूले लगभग २५० बन्धकहरूलाई कब्जामा लिएकोमा गाजामा १३२ जना अझै बाँकी रहेको र कम्तीमा २७ जना मारिएको अनुमान इजरायली स्रोतले एएफपीलाई उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

# पाकिस्तान आम निर्वाचन मौन अवधि शुरू

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानको निर्वाचन आयोगले बिहीबार हुने पाकिस्तानको आम चुनाव २०२४ को सबै तयारी मङ्गलबार मध्यरातमा राजनीतिक दल तथा उम्मेद्वारहरूले आधिकारिक नियमहरू अनुरूप आफ्नो अभियान सम्पन्न गरेका छन् ।



आम चुनावमा सहभागी हुने कुनै पनि उम्मेदवार र राजनीतिक पार्टीले मौन अवधिमा बैठक, जुलुस, प्रचार लगायतका कार्यक्रममा भाग लिएमा कानून अनुसार कारर्वाही गरिने सुचना पाकिस्तानको निर्वाचन आयोगले जानकारी गराएको छ । निर्धारित समयपछि, निर्वाचन अभियान, विज्ञापनलगायत अन्य लिखित सामग्रीहरू इलेक्ट्रोनिक र छापाका सञ्चारमाध्यम प्रकाशन गर्न समेत निषेध गरिएको निर्वाचन आयोगल जनाएको छ । निर्वाचन आयोगले चुनाव सम्पन्न नभएसम्म सञ्चारमाध्यममा सबै प्रकारका मतदान सर्वेक्षणको प्रकाशन र प्रसारणमा पनि प्रतिबन्ध लगाएको छ ।राजनीतिक नेता र प्रतिस्पर्धी उम्मेदवारले अधिकतम सार्वजनिक समर्थन प्राप्त गर्नका लागि चुनावी अभियानमा सार्वजनिक जमघट, र्‍याली, बैठक र घरदैलो अभियान सञ्चालन गरेका थिए ।निर्वाचन आयोगका अनुसार देशभर ९० हजार ६७५ मतदान केन्द्र स्थापना गरिएको छ । सुरक्षाकर्मी तथा मतदाताको सहयोगमा चुनावको लागि सबै व्यवस्था सम्पन्न भइसकेको छ ।

निर्वाचन आयोगको तथ्याङ्क अनुसार राष्ट्रिय सभा वा संसदको तल्लो सदनका लागि २६६ वटा साधारण सीटसहित कूल पाँच हजार एक सय २१ उम्मेदवारले प्रतिस्पर्धा गर्नेछन् ।प्रदेश सभाका लागि चार प्रान्तका ५९३ सिटमा १२ हजार ६९५ उम्मेदवारले प्रतिस्पर्धा गर्नेछन् ।निर्वाचन आयोगले बिहीबार हुने राष्ट्रिय सभा र प्रदेश सभा चुनावका लागि मतदान गर्न सबै दर्ता भएका मतदातालाई आग्रह गरेको छ ।

# दक्षिण अफ्रिकामाथि न्युजिल्यान्डको फराकिलो जित

टुडे समाचारदाता

काठमाण्डु । रचिन रविन्द्रको दोहोरो शतक र केन विलियम्सनको दुई शतकमा घरेलु टोली न्युजिल्यान्डले पहिलो टेस्ट खेलमा दक्षिण अफ्रिकामाथि २८१ रनको फराकिलो जित हात पारेको छ ।



जितको लागि ५२९ रनको विशाल विजयी लक्ष्य पछ्याएको दक्षिण अफ्रिका २४७ रनमा अल आउट भयो ।दोस्रो रोजाइको टोली खेलाएको दक्षिण अफ्रिकाका डेविड बेडिंघमले ९६ बलमा १३ चौका र ३ छक्कासहित सर्वाधिक ८७ रन बनाए ।

रुआन डी स्वारड्ट ३४, जुबायार हाम्जा ३६ र रायनर्ड भान टन्डेर ३१ रनमा आउट भए । यस सिरिजमा पहिलो रोजाइका कुनै पनि खेलाडी छैनन् ।

यस टेस्ट खेलमा दक्षिण अफ्रिकाका ६ खेलाडीले डेब्यू गरेका थिए ।न्युजिल्यान्डका कायल जेमिसनले सर्वाधिक ४ र मिचेल सान्टनारले ३ विकेट लिए । टिम साउथी, म्याट हेनरी र ग्लेन फिलिप्सले १-१ विकेट लिए ।त्यसअघि न्युजिल्यान्डले दोस्रो इनिङमा १७९-४ को अवस्थामा समाप्तिको घोषणा गरेको थियो । तर पहिलो इनिङमा ३४९ रनको अग्रता लिदा विशाल लक्ष्य दिएको थियो ।

न्युजिल्यान्डका केन विलियम्सनले १३२ बलमा १२ चौका र १ छक्कासहित सर्वाधिक १०९ रन बनाएका थिए । दक्षिण अफ्रिका पहिलो इनिङमा १६२ रनमा अल आउट हुँदै ३४९ रनले पछि परेको थियो ।दक्षिण अफ्रिकाका केगन पिटरसनले सर्वाधिक ४५ रन बनाएका थिए ।

न्युजिल्यान्डका मिचेल सान्टनार र म्याट हेनरीले ३-३ विकेट लिएका थिए ।त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको न्युजिल्यान्ड ५११ रनमा अल आउट भएको थियो । न्युजिल्यान्डका रचिन रविन्द्रले ३६६ बलमा २६ चौका र ३ छक्कासहित सर्वाधिक २४० रनको दोहोरो शतकीय इनिङ खेले । उनको करिअरको पहिलो दोहोरो शतक हो ।

केन विलियम्सनले २८९ बलमा १६ चौकासहित ११८ रनमा आउट भए । विलियम्सनले यस खेलमा टेस्ट करिअरको ३० औं र ३१ औं शतक हानेका हुन् ।

खेलको प्लेयर अफ द म्याच दोहोरो शतक हानेका रचिन रविन्द्र भए । दक्षिण अफ्रिका कप्तान निल ब्रान्डले सर्वाधिक ६ विकेट लिए । दुई खेलको सिरिजमा न्युजिल्यान्डले १-० को अग्रता लिएको छ । दोस्रो तथा अन्तिम टेस्ट मंगलबार हमिल्टनमा सुरु हुनेछ ।

# पहिरोमा पुरेर पाँचको मृत्यु

सिन्ह्वा

मनिला । फिलिपिन्सको दक्षिणी क्षेत्रमा पर्ने दाभाओ दि ओरो प्रान्तको एक खानीमा मङ्गलबार गएको पहिरोमा परी पुरिएका ८६ जनामध्ये उद्धारकर्मीले ४५ जनालाई उद्धार गरेको एक सैनिक प्रवक्ताले बुधबार जानकारी दिएका छन् ।

जनवरी २८ देखि लगातार परेको वर्षाका कारण आएको बाढी र पहिरोको चपेटामा परेको दाभाओ क्षेत्रको एक प्रान्त डिभाओ दि ओरो क्षेत्रका बाढी र पहिरोका कारण करिब आठ लाख मानिस प्रभावित भएको र २० जनाभन्दा बढीको मृत्यु भएको सरकारले जनाएको छ ।सेनाको पूर्वी कमाण्डकी प्रवक्ता रोजा मा क्रिस्टिना रोसेट म्यानुएलका अनुसार उक्त क्षेत्रमा रहेको एक खानी कम्पनीका थप ४१ जना कर्मचारी अझै बेपत्ता छन् । म्यानुएलका अनुसार ४५ जनामध्ये तीन जनाको अवस्था गम्भीर छ र उनीहरूलाई तत्काल हवाई मार्ग हुँदै यपचारका लागि पठाउने तयारी भइरहेको छ ।

बाँकी व्यक्तिको खोजी र उद्धारको प्रयास जारी रहेको एपेक्स माइन्स फर्मलाई उद्धृत गर्दै उहाँले बताउनुभयो, "घटनास्थल नजिकै रहेका करिब ६०० जनालाई सुरक्षित स्थानमा सारिएको छ," म्यानुएलले भन्नुभयो "पहिरोका कारण कैयौ अन्य व्यक्ति प्रभावित भएका छन् ।प्रवक्ताले भन्नुभयो, "सडकहरू अगम्य छन् भने यस क्षेत्रमा कुनै फोन टावरको सङ्केत नरहेको कारण सेनाले रेडियो सम्पर्क स्थापित गर्न र खोजी र उद्धार कार्यमा मद्दत गर्न टोलीहरूलाई तैनाथ गरेको छ ।

प्रान्तीय प्रकोप रोकथाम एजेन्सीका एड मकापिलीले रेडियो अन्तर्वार्तामा जनाएअनुसार बुधबार बिहानै पहिरोमा परेकाहरूको उद्धार कार्य पुनः सुरु गरिएको छ । दाभाओ दि ओरो प्रान्तको तटीय खानी शहर माकोको एउटा खानीस्थल नजिकै स्थानीय समयअनुसार मङ्गलबार साँझ ७:५० बजे पहिरो गएको थियो ।गत जनवरी २८ देखि लगातार परेको वर्षाका कारण आएको बाढी र पहिरोको चपेटामा परेको दाभाओ क्षेत्रको एक प्रान्त डिभाओ दि ओरो क्षेत्रका बाढी र पहिरोका कारण करिब आठ लाख मानिस प्रभावित भएको र २० जनाभन्दा बढीको मृत्यु भएको सरकारले जनाएको छ ।

# राजकुमार विलियमद्वारा शाही जिम्मेवारीको थप भार लिने

एएफपी

लण्डन । पिता तथा राजा चार्ल्स तृतीयको क्यान्सरको उपचार भइरहेको र श्रीमतीको शल्यक्रियापछि आराम गर्नुपर्ने भएपछि बेलायती राजकुमार विलियमले बुधबारदेखि शाही जिम्मेवारीको थप भार बहन गर्नुपरेको छ ।



राजाको एक्कासी क्यान्सर निदानका लागि अस्पतालमा भर्ना हुनुपर्ने र क्याथरिनको पेटको अपरेशन भएकोले विलियमलाई थप शाही बोझको काँधमा आएको हो ।

चार्ल्सका जेठा छोरा तथा सिंहासनका उत्तराधिकारी ४१ वर्षीय विलियमले आफ्नी पत्नी तथा वेल्सकी राजकुमारी क्याथरिनको र उनीहरूका तीन छोराछोरीको हेरचाहका लागि सार्वजनिक कार्यक्रम स्थगित गरेका थिए ।राजाको स्वास्थ्य उपचारका लागि दरबारको नियमित जिम्मेवारीको बोझ कम गर्ने निर्णयसँगै विलियम बुधबारदेखि काममा फर्किनुभएको हो । उहाँले आफ्नो बुबाको उपचारका क्रममा चार्ल्सका केही कर्तव्यहरू पनि सम्हाल्ने अपेक्षा गरिएको छ । उपचारका क्रममा राजा चार्ल्सको कतिपय सेवा सम्पादन गर्न राजकुमारी एनी र चार्ल्सकी पत्नी रानी क्यामिलाले भार साझेदारी गर्नुहुनेछ ।

बकिङ्घम प्यालेसले ७५ वर्षीय राजालाई कुन प्रकारको क्यान्सर भएको छ भन्नेबारे केही बताएको छैन, यद्यपि यो प्रोस्टेट क्यान्सर नभएको बुझिएको छ ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले राजाको स्वास्थ्यबारे सार्वजनिक सन्देशमा समस्या 'छिट्टै नै पत्ता लागेको' बताउनुभएको थियो ।

सन् २०२२ सेप्टेम्बर ८ मा राजा चार्ल्सकी ९६ वर्षीया आमा एलिजाबेथ द्वितीयको निधन भएको र उहाँको शासनकालको १७ महिनापछि उहाँलाई यो समस्या रहेको पत्ता लागेको हो ।

# नेपालसँग खेल्ने क्यानडाको टोली घोषणा



टुडे समाचारदाता

काठमाण्डु । घरेलु टोली नेपालसँग खेल्ने तीन ओडीआई खेलको सिरिजका लागि क्यानडाले अन्तिम टोली घोषणा गरेको छ ।

कप्तान साद बिन जाफरको कप्तानीमा क्यानडाले १५ सदस्य टोली घोषणा गरेको छ । नेपालका पूर्व प्रशिक्षक पुबुदु दसानायिकेले बलियो टोली घोषणा गरेका छन् ।

नेपाल र क्यानडाबीच माघ २५, २७ र २९ मा त्रिवि क्रिकेट मैदानमा सुरु हुनेछ ।नेपालले आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिज नेदरल्यान्ड्स र नामिबियासँग खेल्नु अघि क्यानडासँग तयारी स्वरुप तीन खेलको सिरिज खेल्न लागेको हो ।

यसै साता हङकङ र मलेसियासँग त्रिकोणात्मक एकदिवसीय सिरिज खेलेर क्यानडा नेपाल आएको हो । उक्त सिरिज अन्तर्गत हङकङविरुद्ध १२४ रनको शतकीय इनिङ खेलेका १७ वर्षीय युवराज सिंह शर्मा भने नेपाल आउने टोलीमा छैनन् ।क्यानडासँग खेल्ने नेपालले पनि टोली घोषणा गरि सकेको छ ।

**क्यानडाको टोली**

साद बिन जाफर (कप्तान), आरोन जोनसन, डिलोन हेलिगर, दिलप्रीत बाजवा, हर्ष ठकेर, कलिम साना, नभनीत धलिवाल, निकोलस किर्टोन, निखिल दत्त, परगत सिंह, शाहिद अहमड्जाई, श्रेयस मोभा, श्रीमन्था विजयरत्ने, ईश्वरजोत सोही र उदय भगवान ।

**क्यानडासंग खेल्ने नेपाली टोली**

रोहित पौडेल, आसिफ शेख, कुशल भुर्तेल, देव खनाल, कुशल मल्ल, भीम सार्की, आरिफ शेख, पवन सर्राफ, सोमपाल कामी, हेमन्त धामी, रिजन ढकाल, सूर्य तामाङ, ललित नारायण राजवंशी, आकाश चन्द र अनिलकुमार साह ।

# पाकिस्तानमा निर्वाचनको पूर्वसन्ध्यामा विस्फोटमा परी १२ जनाको मृत्यु

एएफपी

क्वेटा । दक्षिणपश्चिमी पाकिस्तानमा एक चुनावी उम्मेदवारको कार्यालय बाहिर बुधबार भएको विस्फोटमा परी कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएका छन् ।



क्वेटा शहरबाट करिब ५० किलोमिटर टाढा र अफगानिस्तानसँगको सीमाबाट करिब १०० किलोमिटर टाढा रहेको पिशिन जिल्लामा एक स्वतन्त्र उम्मेदवारको कार्यालय नजिकै आक्रमण भएको थियो ।क्वेटाका एक प्रहरी अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग भने, "१२ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।"

"प्रारम्भिक अनुसन्धानले मोटर साइकलमा राखिएको विस्फोटक पदार्थ विस्फोट भएको देखिएको छ," उहाँले भन्नुभयो । प्रान्तका कार्यवाहक सूचनामन्त्री जान अचकजाईले मृतकको संख्या पुष्टि गर्दै भन्नुभयो, "यो विस्फोटमा १२ जनाको मृत्यु भएको छ र २५ भन्दा बढी घाइते भएका छन् ।" निर्वाचनका लागि ५० लाखभन्दा बढी सुरक्षाकर्मी बुधबारदेखि तैनाथ हुन थालेका छन् भने ९० हजारभन्दा बढी मतदान केन्द्रमा मतपत्र वितरण गरिएको छ ।

सन् २०१८ को चुनावपछि स्थापित बहुमतको सरकारका प्रधानमन्त्री इमरान खानलाई चार बर्षपछि अविश्वासको प्रस्तावमार्फत् सत्ताबाट पदच्युत गरिएको थियो ।

पाकिस्तानी प्रधानमन्त्रीबाट हटाइनुभएका र हाल जेलमा रहेका पूर्वप्रधानमन्त्री खानको पार्टी तथा नेताहरूलाई विभिन्न अभियोग लगाउँदै निर्वाचनमा सहभागी हुनबाट रोक लगाइएको छ । बिहीबारको मतदानको दौडान धेरै सुरक्षा घटनाहरू पनि भएका छन्, जसमा कम्तिमा दुई उम्मेदवारहरूको गोली हानी हत्या भएको छ र दर्जनौंलाई देशभरि आक्रमणहरूमा निशाना बनाइएको छ ।स्थानीय समयअनुसार बिहीबार बिहान ८ :०० बजे मतदान शुरु भई साँझ ५:०० बजे मतदान सम्पन्न हुनेछ ।

लाहोरमा, निर्वाचन अधिकारीहरूको एक समूहले प्रहरीको साथमा मतदान सामग्रीहरूको बोराहरू केन्द्रीय वितरण केन्द्रबाट उनीहरूको मतदान केन्द्रहरूमा लैजानको लागि सङ्कलन गरेको देखिएको थियो ।

"निर्वाचन आयोगले आफ्नो एप स्थापना गरेको छ र अन्य निर्वाचनलाई व्यवस्थित गर्न उपायहरू अपनाएको छ", मतदान सामग्री सङ्कलन गर्ने इलेक्ट्रोनिक जाँचलाई सङ्केत गर्दै मोहम्मद बकिरले भन्नुभयो, "काम सहज रुपमा भइरहेको छ ।"करिब २४ करोड जनसंख्या भएको विश्वको पाँचौं ठूलो देशमा करिब १२ करोड ८० लाख मतदाताले मतदान गर्न पाउनेछन् ।

राष्ट्रिय र चार वटा प्रान्तीय सभाका लागि करिब १८ हजार उम्मेदवार चुनावी मैदानमा छन्, जसमा २६६ सिटमा प्रत्यक्ष प्रतिस्पर्धा भएको छ । यसमध्ये महिला र अल्पसंख्यकका लागि थप ७० र क्षेत्रीय संसद्मा ७४९ स्थानका लागि प्रतिस्पर्धा भइरहेको छ ।सिन्ध प्रान्तका प्रहरी प्रमुख रफत मुख्तारले बुधबार कराँचीमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले हरेक तहमा सुरक्षा व्यवस्था सुनिश्चित गर्नुपर्छ ।"

# अफगानी स्वच्छ पानीको पहुँचबाट वञ्चित

सिन्ह्वा

काबुल । जलवायु परिवर्तन तथा वर्षौंको खडेरीले दुई करोड दश लाख अफगानीहरू पिउने पानीको पहुँचबाट वञ्चित भएको राष्ट्रिय वातावरण कार्यक्रम निकाय (एनईपीए) का उपप्रमुख अब्दुल सलाम हक्कानीले बताउनुभएको छ ।



अफगानीस्तानको आधा जनसंख्यालाई शुद्ध पिउने पानीको पहुँच नभएको स्थानीय टेलिभिजन च्यानल टोलो न्युजले हक्कानीलाई उद्धृत गर्दै बुधबार जनाएको छ । हक्कानीले जलवायु परिवर्तनका कारण युद्धग्रस्त अफगानिस्तानको तीन प्रतिशत जङ्गललाई नष्ट गरेकाले नियमित वर्षामा ३७ प्रतिशतले कमी आएको उल्लेख गर्नुभएको छ ।अफगानिस्तानले वर्षौंदेखि खडेरीको सामना गरिरहेको छ । परिणामस्वरुप राजधानी काबुललगायतका स्थानमा भूमिगत पानीको मन्दी आएको छ । यसैबीच सहरका करिब ६० लाख मानिसहरू चरम पानीको अभावको सामना गरिरहेका छन् ।

एनईपीएका जलवायु परिवर्तन विभागका प्रमुख रोहुल्लाह अमीनले जलवायु परिवर्तनबाट उत्पन्न समस्याहरूको सामना गर्न अनुमानित दुई अर्ब अमेरिकी डलर चाहिने बताउनुभएकोछ।अफगानिस्तानका उच्च शिक्षा उपमन्त्री लुतफुल्ला खैरखवाहले आगामी दिनमा पूर्वी सहर जलालाबादको नानगाहर विश्वविद्यालयमा अफगान र अन्तर र्ष्ट्रिय विज्ञहरूको सहभागितामा जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी सम्मेलन हुने जानकारी गराउनुभएको छ ।

# कृषि उत्पादन प्रवर्द्धनमा सांसदको जोड

टुडे समाचारदाता

काठमाण्डु । सांसदहरूले मुलुकको अर्थतन्त्रको महत्त्वपूर्ण आधार कृषि क्षेत्रको उत्पादन, विकास र प्रवर्द्धनमा ध्यान दिन सदनमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको बुधबारको बैठकको विशेष समयमा बोल्दै उनीहरूले निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक बनाउन प्रविधिमैत्री र प्रोत्साहनका कार्यक्रम ल्याउन जरुरी भएको उल्लेख गरे ।

सांसद भुवनबहादुर सुनारले राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधार रहेको कृषिको आधुनिकीकरण गर्दै कृषि उत्पादन वृद्धिमा जोड दिनुपर्ने खाँचो औँल्याए । उनले निर्वाहमुखी कृषिलाई व्यावसायीकरण गर्दै सरकारले कृषि उपजको भण्डारण र बजारीकरणमा ध्यान दिनुपर्नेमा जोड दिए । कृषि उत्पादन बृद्धिका लागि यान्त्रिक प्रणालीको पहुँच, सिँचाइ, उपयुक्त जमिनको व्यवस्था, बीउबिजन, मलखादलगायतमा किसानलाई आकर्षण गर्न जरुरी रहेको उनको भनाइ छ । साथै उनले 'उत्पादनका साथमा अनुदान हातमा' जस्ता नाराको प्रभावकारी कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराए । सरकारले चालु आर्थिक वर्षको बजेटमा कृषिलाई प्राथमिकता दिँदै करिब रु ९८ अर्ब बजेट बजेट विनियोजन गरेको थियो ।

सांसद सिंहबहादुर विश्वकर्माले कृषि उत्पादन प्रवर्द्धनका लागि जमिन, बीउबिजन र प्रविधिको उचित व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए । उनले सिन्धुपाल्चोक जिल्लामा जग्गाको स्वामित्वमाथि केही समस्या रहेको भन्दै बाबुबाजेको पालादेखि उपभोग गर्दै आएको जग्गा नापीमा समस्या भएकाले उनीहरु मर्कामा परेको, झैझगडा हुने गरेको भन्दै गुठीका नाममा रहेका जग्गाको समाधान गरी जनताको जीउज्यान र सम्पत्तिको संरक्षण गर्नुपर्ने खाँचो औँल्याए ।

सांसद भैरवसुन्दर श्रेष्ठले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्दै जनजीविकाको सवालमा सरकारले विशेष ध्यान दिनुपर्ने खाँचो औँल्याए । आर्थिक विकास र समृद्धिका लागि योजनाबद्ध कार्यक्रम र प्रभावकारी कार्यान्वयनका लागि संरचनागत सुधार जरुरी भएको उहाँले उल्लेख गरे । सांसद श्रेष्ठले सरकारले घोषणा गरेको आयात न्यूनीकरण र निर्यात प्रवर्द्धनको योजनालाई कडाइका साथ लागू गर्न पनि जोडदार माग गरे । सांसद डा विमला राई पौड्यालले सरकार र जनप्रतिनिधिको सबैभन्दा ठूलो दायित्व नागरिकको सुरक्षा हो भन्दै इजरायलमा बेपत्ता भएका विपीन जोशीको पछिल्लो अवस्थाबारे सदनलाई जानकारी दिन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए ।



त्यसैगरी रसिया र युक्रेनको युद्धमा दुवै देशको सेनामा भर्ती भएर नेपाली नागरिकले ज्यान गुमाइरहेको भन्दै युद्धग्रस्त मुलुकमा नेपाली रोजगारीका लागि जानुपर्ने बाध्यताको अन्त्यका लागि आवश्यक उपायको खोजी गर्न पनि माग गरे । साथै सांसद पौड्यालले जाजरकोट भूकम्पका पीडितलाई राहत र अस्थायी टहरा निर्माणलाई प्रभावकारी बनाउन सरकारसमक्ष आग्रह गरे ।

सांसद कमला पन्तले विगतको अभ्यासमा सदन बिजनेस नपाएर सांसद फुर्सदिला थिए भन्दै चालु अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा पनि हेरिएकाले सांसदले फुर्सदै नपाउने गरी संसद्लाई बिजनेस दिएर यसलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराए । उनले महिला विकास कार्यक्रम विसं २०३९ मा पाँच जिल्लाबाट सुरु भई ७७ जिल्लामा विस्तार भएको र जनशक्ति पनि व्यवस्थापन भई महिलामा जागरण र उत्साह बढेको बताए । तर अहिले उनीहरूलाई सात सय ७३ स्थानीय तहमा लगेर पञ्जिकारीको भूमिकामा रहेर वृत्तिविकाससमेत रोकिएको भन्दै सदनमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद मोहम्मद खालिदले संविधानको भावनाअनुरुप समानुपातिक समावेशिताको सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता गर्ने भनिए पनि सामाजिक र सांस्कृतिकरूपले पिछडिएका समुदाय र वर्गको अधिकारको सुनिश्चितता नभएको गुनासो गरे । उनले आगामी आर्थिक वर्षको बजेटमा दलित र मुस्लिम समुदायको हक, अधिकार सुनिश्चित गर्नेगरी योजना बनाउन माग गरे ।

सांसद शेखरकुमार सिंहले संसद्को चालु अधिवेशनमा सङ्घीय निजामती कर्मचारी ऐन, प्रहरी ऐनलगायत महत्त्वपूर्ण ऐन बनाएर जनताको परिवर्तनको आकाङ्क्षालाई पूरा गर्न सरकार र राजनीतिक दलहरु जिम्मेवार बन्नुपर्ने धारणा राखे । उनले चुरे संरक्षणसम्बन्धी योजना कार्यक्रम प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

सांसद तुलप्रसाद विश्वकर्माले सीमान्तकृत सबै जाति र समुदायको हकअधिकार सुनिश्चित गर्ने कुरा संविधानमा व्यवस्था भए पनि कार्यान्वयन नभएको, विशेषगरी सामाजिक न्यायको हकको प्रभावकारी कार्यान्वयन हुननसकेको, दलितमाथिको विभेद र छुवाछूतको घटना बढिरहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए । सांसद खिमलाल देवकोटाले सरकार र राजनीतिक प्रणालीलाई प्रभावकारी बनाउन सांसद कतिपटक हुने ? मन्त्री र प्रधानमन्त्री कतिपटक हुने भन्नेबारे सीमा निर्धारण गर्न जरुरी रहेको बताए । सांसद बिना पोखरेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न सुशासन प्रवर्द्धन र आर्थिक समृद्धिको यात्रामा सक्रिय हुन जरुरी भएको उल्लेख गरे ।

सांसद दिलकुमारी रावल थापा (पार्वती)ले कृषि उत्पादनमा अग्रणी चितवनका किसानलाई प्रोत्साहनका कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षण गराए । किसानले दूध बेचेको रकम पाँच महिनासम्म नपाएको, उत्पादित कृषिजन्य सामग्री बिक्री र बजारीकरण नभएको भन्दै उनीहरूको उत्पादनको बजार सुनिश्चित गर्न माग गरे । सांसद प्रकाश पन्थले जागरकोटका भूकम्पपीडित जनताको राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराए । सांसद गोमादेवी तिमिल्सिनाले सडक मर्मत र सवारीसाधन व्यवस्थापनमा सरोकारवालाले ध्यान दिनुपर्ने खाँचो औँल्याए । सांसद रामचन्द्र राई, सांसद गङ्गाकुमारी बेलबासेले समसामयिक विषयमा धारणा राखे ।

# केराका थामबाट बनाइएका सामग्रीमा दर्शकको आकर्षण

टुडे समाचारदाता

वालिङ । स्याङ्जाको वालिङमा सञ्चालित महोत्सवमा केराका थामबाट बनाइएका सामग्रीमा दर्शकको आकर्षण बढेको छ ।वालिङ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको आठौँ वालिङ महोत्सवस्थलमा स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराका थामबाट बनाएका सामग्री अवलोकन तथा खरिद गर्नेको घुइँचो बढेको हो ।



उद्योग वाणिज्य सङ्घले कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनका लागि निःशुल्क उपलब्ध गराएको व्यापारिक कक्षमा गाउँपालिकाले बनाएका हस्तकलाका सामग्री प्रदर्शन गरिएको हस्तकला तथा स्थानीय उत्पादन व्यवस्थापन समितिका संयोजक पिताम्बर भुसालले बताए ।

स्थानीय उत्पादनको प्रचार-प्रसार, प्रोत्साहन, प्रवर्द्धन तथा व्यापारीकरणका लागि आयोजकले निःशुल्क ३० कक्ष उपलव्ध गराएको हो । "महोत्सवमा हस्तकला, कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी र प्रतिस्पर्धाका लागि राखिएको छ", उनले भने, "हस्तकला तथा कृषिजन्य उत्पादनको प्रदर्शनीले मेलामा आउने दर्शकको ध्यान तानेको छ ।"

गाउँपालिकाले त्यसै खेर गइरहेका केराका थामबाट चकटी, गलैँचा, मोडा, चप्पल, सोली, ढकिया, काँचो कपडा, खादालगायत हस्तकलाका सामग्री प्रदर्शनमा राखेको छ । गाउँपालिकाको तर्फबाट कक्षमा रहेकी कृषि प्राविधिक कस्तुरी थापाले महोत्सवमा आउने दर्शकले निकै चासोका साथ सामग्रीको अवलोकन गर्नुका साथै खरिद गरेर लैजाने गरेको बताए ।

गण्डकीप्रदेशरगाउँपालिकाको साझेदारीमा नवप्रवर्द्धन कोषमार्फत गाउँपालिकाभित्रका ३० जनालाई गत वर्ष तालिम दिइएको गाउँपालिकाका कृषि शाखा अधिकृत अनुप पौडेलले बताए । गत वर्ष 'केराको बहुउपयोगितासम्बन्धी परियोजना' मार्फत केराका थामबाट हस्तकलाका सामग्री बनाउन ३० जनालाई ४५ दिने तालिम दिइएको हो ।"तालिममा सहभागी भएकाहरूले उत्पादन गरेका हस्तकलाका सामग्रीलाई प्रचार-प्रसारका लागि महोत्सवस्थलमा राखेका हौँ", उनले भने, "तालिमपश्चात सिकेको सीपलाई व्यावसायिकरूपमा उत्पादन गर्नुभएका व्यक्ति तथा गाउँपालिका आफैँले उत्पादन गरेका सामग्री 'स्टल'मा राखेका छौँ ।" केराका थामबाट हस्तकलाका सामग्री बनाउने स्थानीय आठ जनालाई गाउँपालिकाले रोजगारी दिएको छ ।

अहिले न्यूनतम मासिक पारिश्रमिक दिएर रोजगारी दिएको र आगामी वर्षमा उत्पादनका आधारमा पारिश्रमिक दिने तयारी गरिरहेको उनले बताए । "हाम्रा बारी कान्लामा त्यसै खेर गइरहेका केराको थामको प्रयोग गरी विभिन्न हस्तकलाका सामग्री बनाउन सकिँदोरहेछ भन्ने देखाउनका लागि पनि यसले महत्त्वपूर्ण भूमिका खेलेको छ", पौडेलले भने, "यहाँ उत्पादन भएका हस्तकलाका सामग्रीको बजारीकरणकालागिगाउँपालिकाले सहयोग गर्ने छ ।"गाउँपालिकाले यो अभियानलाई आवश्यक पर्ने कच्चा पदार्थका रूपमा रहेको केराका बोट वितरण गरेको छ । गाउँपालिकाभित्र करिब एक लाख बोट केरा रहेका र आगामी दिनमा थप गर्दै जाने उनले बताए ।

# किसानलाई व्यावसायिक भैँसीपालन तालिम

टुडे समाचारदाता

गोरखा । गोरखाको अजिरकोट गाउँपालिकाले किसानलाई व्यावसायिक भैँसीपालन सम्बन्धी निःशुल्क तालिम प्रदान गरेको छ । पालिकाभित्र दुग्ध उत्पादन वृद्धिका लागि किसानलाई व्यावसायिक बनाउँदै लैजाने उद्देश्यका साथ तीनदिने तालिम प्रदान गरिएको गाउँपालिका पशु शाखाका प्रमुख डा रोशनराजबहादुर सिंहले जानकारी दिए । "भैँसीपालन गर्दै आएका सबै वडाका अगुवा किसानको छनौट गरी तालिम प्रदान गरिएको हो", उनले भने, "किसानले भैँसीपालन गरी दूध उत्पादन गरे पनि भैँसीको स्याहारसुसार राम्रोसँग गर्न नजान्दा पर्याप्त लाभ लिन नसक्ने गरेकाले तालिम सञ्चालन गरिएको हो ।"



तालिममा किसानलाई नस्ल गुणस्तर पहिचान गर्ने विधि, पशुवस्तुका लागि आवश्यक पर्ने सन्तुलित आहारा बनाउने तरिकालगायत बिषयमा जानकारी गराइएको डा.सिंहको भनाई छ ।

"किसानले आफ्नो गोठमा रहेका रोगी र निरोगी पशुको पहिचान गर्न नसक्दा समेत क्षति हुने ब्यहोर्दै आउनु परेको छ, उनले भने, "तालिममा रोगी पशु र निरोगी पशुको पहिचान गर्न समेत सिकाइएको छ ।"त्यस्तै पशुवस्तुका लागि स्थानीयस्तरमा पाइने जडीबुटीका औषधीबाट गर्न सकिने प्राथमिक उपचारका साथै किसान आफैँले जुकाको औषधीहरु खुवाउने तारिका र समयको विषयमा समेत तालिममा जानकारी प्रदान गरिएको उनले बताए । "रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनका लागि ध्यान दिनुपर्छ भन्ने जानकारी तालिमले दिइएको छ", डा सिंहले भने, "पशुवस्तुका लागि खोपको महत्व र पशु बीमाको आवश्यकताका बारेमा समेत किसानलाई सचेतना प्रदान गरिएको छ ।" पालिकाभित्र पुर्ख्यौलीदेखि नै भैँसीपालन गर्दै आएका अगुवा किसानलाई तालिम दिइएको उनले बताए ।

"तालिममा सहभागी किसानलाई प्रतिकिसान १० लिटर र १२ लिटरका गरी दुईवटा दूध बोक्ने क्यान, मिनिरल पाउडर र भैँसीलाई खुवाउनका लागि भिटामिन समेत उपलब्ध गराइएको छ", उनले भने, "किसानका लागि तालिम अत्यन्तै लाभदायक भएको छ ।"

किसानलाई भैँसीलाई मिनिरल पाउडर तथा भिटामिन खुवाउँदा दूधको मात्रा बढ्छ भन्ने बुझाउनका र नियमित खुवाउने बानीको विकास गराउनका लागि पाउडर तथा भिटामिन उपलब्ध गराएको हो ।तालिममा २३ जना किसानको सहभागिता रहेको थियो ।

तालिम लिएका किसानले धेरै जसोले अहिले पनि दैनिक रुपमा भच्चेक बजारमा दूध ल्याएर बिक्री गर्दै आएका छन् । यही माघ २१ गते आइतबारदेखि सुरु भएको तालिम मङ्गलबार सम्पन्न भएको गाउँपालिकाले जनाएको छ ।

# चैते धानको प्रवर्द्धनमार्फत खाद्यान्नमा आत्मनिर्भरता बढाउँदै

टुडे समाचारदाता

गण्डकी । सर्वसाधारणलाई खाद्यान्नमा आत्मर्भिरतातर्फ उन्मुख गराउने लक्ष्यका साथ पोखरा महानगरपालिकाको 'एक वडा, एक पकेट' कार्यक्रमअन्तर्गत चैते धानको प्रवर्द्धनमा जोड दिइएको छ ।

सिँचाइयुक्त उब्जाउयोग्य जमिनको अधिकतम् उपयोग गर्दै त्यसबाट सर्वसाधारणले लाभ लिन सकून् भन्ने उद्देश्यका साथ महानगरपालिकाले बर्सेनि चैते धान खेतीका लागि कृषकलाई सहयोग गर्दै आएको हो । चैते धानको प्रवर्द्धन गर्दै महानगरपालिकाभित्रका वडा नं १४, १५, २६ र २७ मा चैते ५ जातको धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिए ।

उक्त क्षेत्रका कृषकले यसअघि स्थानीय जातको चैते धान लगाउने गरेकोमा चैते ५ जातको धानको बीउ वितरण गरेसँगै उत्पादनमा पनि वृद्धि भएको उनले बताए । "स्थानीय जातको बीउ लगाउँदा प्रतिरोपनी दुई मुरी धान फल्ने गरेकामा अहिले छ मुरीसम्म फल्न थालेको छ", उनले भने, "चैते धानका कारण जमिनको सदुपयोगसँगै खाद्यान्नमा आत्मनिर्भर बन्न पनि सहयोग पुऱ्याएको छ ।"

महानगरपालिकाले यस वर्ष चार टन चैते धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न लागेको बताउँदै उनले पोखरा महानगरपालिका-२६ का किसानलाई वितरण गरिसकिएको जानकारी दिए । गत वर्षदेखि वितरण गरिएको चैते ५ जातको बीउबाट उत्पादित धान मसिनो, खान पनि स्वादिलो र प्रतिरोपनी पाँचदेखि सात मुरीसम्म फल्ने गरेको कृषक बताउँछन् । पोखरा महानगरपालिका-२६ मा गत वर्ष दुई सय ६५ जना कृषकलाई रु आठ लाख ४५ हजार प्रोत्साहन सहयोग पनि गरिएको वडाध्यक्ष नरेन्द्र थापाले बताए ।

"उक्त प्रोत्साहन सहयोगलाई यस वर्ष पनि निरन्तरता दिइएको छ", उनले भने, "वडाले आगामी दिनमा कृषि उत्पादनलाई प्राथमिकता दिँदै कृषि बजार बनाएर स्थानीय उत्पादनलाई बजारीकरण गर्न सहयोग पुऱ्याउने योजना राखेको छ ।" महानगरपालिकाले चैते धान खेतीमा प्रोत्साहनका लागि रोपाइँ सकिएको ४५ दिनपछि स्थलगत अनुगमन गरी प्रतिरोपनी रु नौ सय प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख कडरियाको भनाइ छ ।अघिल्लो वर्ष महानगरपालिकाले चैते धान रोपाइँ गर्ने कृषकलाई रु १२ लाख प्रोत्साहन रकम उपलब्ध गराएको उनले जानकारी दिए । महानगरपालिकाले पकेट कार्यक्रमअन्तर्गत सूचना प्रकाशन गरेअनुसार माघ १५ गतेसम्म प्राप्त आवेदनको आधारमा एक हजार रोपनीभन्दा बढी क्षेत्रमा तीन हजार दुई सय किलोग्राम चैते धानको बीउ वितरण गरिरहेको महाशाखाले जनाएको छ ।

चैते ५ धानको बीउ रोपेको एक सय २० दिनमा काट्न तयार हुने बताउँदै उनले भने, "यसका लागि छिटो ब्याड तयार गरी सकेसम्म गुमोज बनाइ ब्याड तयार गर्नुपर्छ, हामीले फागुन २० गतेभित्र धान रोप्ने गरी कृषकलाई तयारी गर्न भनेका छौँ ।" महाशाखाले जमिन तयारी, मल व्यवस्थापन, सिँचाइ, रोप्ने दूरी, रोग किरा व्यवस्थापनका साथै खेती प्रविधिबारे अभिमुखीकरण गरी चैते धान खेती प्रविधि पुस्तिकासमेत वितरण गरिरहेको उनले जानकारी दिए । नेपालको कृषि अर्थतन्त्रमा महत्वपूर्ण खाद्यान्नका रूपमा रहेको धान खेती तराई, मध्यतराई, मध्यपहाड र उच्चपहाडी क्षेत्रमा गरिँदै आएको पाइन्छ ।चैते धान तराई, मध्यतराई, मध्यपहाड र उच्चपहाडी क्षेत्रका साथै हिमाली जिल्ला ताप्लेजुङ र सोलुखुम्बुमा पनि उत्पादन हुने गरेको पाइन्छ ।

तथ्याङ्कअनुसार देशमा करिब ९२ प्रतिशत धान खेती बर्षातमा गर्ने गरिएको छ भने करिब सात प्रतिशत चैते धान र एक प्रतिशत जाडो मौसमअर्थात् माघको अन्तिममा रोपिँदै आइएको छ । चैते धान भने विशेषतः सिँचाइको सुविधा हुने पहाडी भूभाग एव बैंसीमा गर्ने गरिएको छ । गण्डकी प्रदेशमा छ हजार तीन हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको तथ्याङ्क छ ।

विशेष गरेर चैतमा दिन लामो तथा रात छोटो हुने भएको र आकाशमा बादल नलाग्ने बेला, सूर्यको ताप बढी हुने र सूर्यको किरणको शक्ति बालीको हरित कणमार्फत् बालीले तान्ने भएकाले असारको तुलनामा चैतमा धेरै उत्पादन हुने गर्दछ ।

आकाशमा कम बादल र बढी सुक्खा हुने भएकाले चैते धानमा विभिन्न रोगजन्य प्रकोप पनि कम हुने कडरियाले जानकारी दिए ।

# तरकारी खेतीबाट मनग्य आम्दानी

टुडे समाचारदाता

महेन्द्रनगर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा बेलौरी नगरपालिका-३ पडावमा पुनःस्थापन भएका धम्मलराज चौधरीले अढाई बिघा जमिनमा व्यावसायिक तरकारी खेती लगाएका छन् ।

निकुञ्जबाट विस्थापित भएर दश कट्ठा जग्गा पाएका उनी पाँच दाजु/भाइले बाँड्दा दुई कट्ठामा समेटिए । गाउँमै खेती किसानी गरेर जीविका चलाउँदै आएका उनले व्यावसायिक तरकारीबाट भएको आम्दानीले अहिले ११ कट्ठा जग्गा जोड्न सफल भएको बताए ।

विगत आठ वर्षदेखि गाउँमा तरकारी खेती गरेका उनले अहिले वार्षिक रु नौ लाख बचत गर्ने जानकारी दिए । "मैले सुरु गरेको तरकारी खेतीबाट भएको आम्दानीले मेरो परिवारको आर्थिक अवस्थामा सुधार आउनाका साथै गाउँका अरू किसान पनि तरकारी खेतीतर्फ आकर्षित भएका छन्", उनले भने, "यहाँ उत्पादन भएको तरकारी धनगढी, महेन्द्रनगर, बेलौरी र आइबीआरडीलगायत बजारहरुमा खपत हुन्छ ।"

चौधरीजस्तै पछिल्ला केही वर्षयता कञ्चनपुरमा व्यावसायिक तरकारी खेतीमा थारू समुदायकको सक्रियता बढ्दै गएको छ । पुस्तौँदेखि खेती र पशुपालनबाट जीविका चलाउँदै आएका उनीहरु नगदे बालीका रुपमा तरकारी खेती थालेपछि आयआर्जन समेत बढेको बताउँछन् ।"सुरुमा दुई/तीन कट्ठाबाट तरकारी खेती थालेको थिएँ," किसान धम्मलराज चौधरीले भने, "धान, गहुँ खेतीबाट तरकारीमा मुनाफा बढी हुने देखिएपछि व्यावसायिक रुपमा तरकारी खेतीमै लागेँ ।" उनले तरकारीको मूल्यमा थपघट हुँदा किसान प्रभावित हुने गरेको बताए ।

उनले तरकारीबाट मासिक रु ७५ हजार आम्दानी हुने गरेको बताउँदै सो रकमबाट परिवारको जीविका चल्नाका साथै छोराछोरीको पढाइ खर्च भइरहको जानकारी दिए । "तरकारी खेतीका क्रममा कृषि सेवा केन्द्रबाट अनुदानमा बीउबिजनका साथै विभिन्न तालिम समेत लिएको छु," चौधरीले भने,"तरकारी खेतीमा सक्रिय किसानलाई नेपाल राष्ट्रिय समाज कल्याण सङ्घले पनि सहयोग गरिरहेको छ ।"उनले तरकारीबाट भएको आम्दानीबाट अहिले गाउँमा ६ कोठे पक्की घर निर्माण गरिरहेको बताए । "किसानको आवश्यकता बुझेर सरकारी निकायले अनुदान र सहयोग गर्नुपर्छ," उनले भने, "त्यसका लागि किसानसम्मै पुग्ने संरचना दरिलो बनाउनु आवश्यक छ ।"

उनले पडाव गाउँमा अहिले ३० जनाभन्दा थारू समुदायका किसान व्यवसायी तरकारी खेती गरिरहेको बताए । त्यसैगरी कञ्चनपुरकोकृष्णपुरनगरपालिका-६ बालुवाफाँटाका सुनिल चौधरी पनि गाउँका सफल व्यावसायिक तरकारी खेती गर्ने किसानको सूचीमा पर्छन् । गाउँको इन्द्रेणी कृषक समूहको अध्यक्ष रहेका उहाँले गाउँमा दुई सय बिघा जमिनमा किसानले तरकारी खेती गरेको बताए । "गाउँलाई तरकारीको नमूना क्षेत्र बनाउने योजना छ," चौधरीले भने, "तरकारी खेतीमा लागेका प्रायः किसानको आम्दानी राम्रै छ ।"

डेढ दशकदेखि तरकारी खेती गरिरहेको चौधरीले अहिले एक बिघा खेतमा तरकारी खेती गरेका छन् । "द्वन्द्वकालका बेला मजदुरीका लागि भारतको राजधानी दिल्ली पुग्दा मलाइ समयको महत्व थाहा भयो," उनले भने, "अरूको देशमा दुःख गर्नुभन्दा आफ्नै माटोमा सङ्घर्ष गर्दा अहिले राम्रो फल मिलेको छ ।" उनले तरकारी खेतीबाट वार्षिक रु चार लाख बचत हुने गरेको बताउनुभयो । उनले भएको आम्दानीबाट छोरा माइकल चौधरी टीकापुरमा बिएससी एजी अध्ययन गरिरहेको बताए । "छोरालाई पनि कृषिमै लगाउने योजनासहित सम्बन्धित विषय अध्ययन गराउने योजना बन्यो," उनले भने, "बाँकी आम्दानीको रकमले गाउँमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सहयोग गर्दै आएको छु ।"

कृषि ज्ञान केन्द्रबाट युवा लक्षित कार्यक्रमअन्तर्गत ६० हजार नगद, च्याङ्फालगायत कृषि औजारमा सहयोग पाएको चौधरीको भनाइ छ । व्यवसायी तरकारी खेतीमा लागेका अर्का सफल किसान हुन् बेल्डाँडी गाउँपालिका-३ बैवाहाका रामलाल चौधरी । १६ वर्षदेखि तरकारी खेती गरिरहेका उहाँले तरकारीबाटै भएको आम्दानीले गाउँमा सात कट्ठा जमिनका साथै धनगढीमा दश धुर घडेरी जोडेका छन् । "तरकारी खेतीको क्षेत्रफल बढाएर एक बिघा पुऱ्याएको तीन वर्ष जति भयो ।" उनले भने ।


मधेश प्रदेश सरकार

गृह, सञ्चार तथा कानुन मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

ठेक्का रद्द गरिएको सूचना

प्रस्तुत विषयमा यस मन्त्रालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरुको लागि मिति २०८०।०८।२८ गते मध्य तराई दैनिक पत्रिकामा बोलपत्र सम्बन्धी सूचना आह्वान गरिएकोमा विविध कारणले उक्त ठेक्काहरु रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण |
|---|---|---|
| १. | MOHACAL/SQ/WORKS/2080-081/02 | मन्त्रालय परिसरमा सवारी साधन राख्न ग्यारेज निर्माण |
| २. | MOHACAL/SQ/WORKS/2080-081/03 | निजगढ इलाका प्रहरी कार्यालयको भवन मर्मत सम्भार कार्य |
| ३. | MOHACAL/SQ/WORKS/2080-081/04 | ईलाका प्रहरी कार्यालय मानपुर सर्लाहीको अधुरो भवन निर्माण |
| ४. | MOHACAL/SQ/WORKS/2080-081/05 | बलवा न.पा.-७ बनौटको सशस्त्र चौकीको स्तरोन्नति र भवन निर्माण |
| ५. | MOHACAL/SQ/WORKS/2080-081/06 | बलवा न.पा.-५ प्रहरी चौकीको पर्खाल गेट र चमेना गृह निर्माण |
| ६. | MOHACAL/SQ/WORKS/2080-081/07 | जिन्सी सामान स्टोरको लागि दुई कोठे गोदाम घर निर्माण |

# राजविराजमा विजुलीका सामान खरिदमा मनपर्दी, अख्तियारले सुरु गर्‍यो छानबिन




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिकाले सडक बत्तीको लागि विजुलीको सामान खरिदमा मनपर्दी गरेको खुलासा भएको छ।

नगरपालिकाले कमिसनको प्रलोभनमा नियम विपरीत टुक्रा-टुक्रा पारी लाखौंको विजुलीको सामान खरिद गरिएको पाइएको छ।

नगरपालिकाले विभिन्न पाँच फर्म तथा कम्पनीबाट नियम विपरीत विजुलीको सामान खरिद गरेकोले ३८ लाख २ हजार ५ सय ३४ रुपैया बेरुजु ठहर भएको छ।

नगरपालिकाले आर के ईन्टरप्राईजेजसंग ९ लाख २० हजार ३ सय ५६, ८ लाख १७ हजार ४ सय ४२ र ४ लाख ९८ हजार ७ सय २५ को तीन पटक गरि १९ लाख ३६ हजार ५ सय २३ रुपैयाँ तथा आयुस ट्रेडर्स एण्ड सप्लायर्स १० लाख ६७ हजार २ र ४ लाख ९९ हजार ८ को दुइपटक गरि १५ लाख ६६ हजार १० रुपैयाँको सिलवन्दी दरभाउ पत्र तथा कोटेशनको आधारमा टुक्रा-टुक्रा गरेर विजुलीको सामान खरिद गरेको महालेखा परिक्षकको प्रतिबेदनमा उल्लेख छ। "सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८( २) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। महालेखाको प्रतिबेदनमा भनिएको छ-' नगरपालिकाले सडक बत्तीको लागि विजुलीको सामान खरिद गर्न विभिन्न प्याकेज बनाई माथि उल्लेखित फर्म/कम्पनीबाट टुक्राटुक्रा पारी खरिद गरेको देखिएको छ।'

नगरपालिकाले सडक बत्तीको लागि समान खरिद बापत लाखौं बजेट भुक्तानी गरे पनि सडकमा बत्ती भने जडान नगरिएको भन्दै जनप्रतिनिधिहरु बीच नै विवाद उत्पन्न हुन थालेको छ।

कामै नगरी ५० लाख भुक्तानी गरेको तथा थप ३४ लाख भुक्तानीको तयारी गरेकोले आफूले रोक्न खोज्दा विवाद गर्न खोजिएको एक जनप्रतिनिधिले बताए। उनका अनुसार ३४ लाख रुपैयाँको भुक्तानीको तयारीमा रहेको फायल अख्तियारले नियन्त्रणमा लिएको छ।

राजविराज नगरपालिकाका नगर प्रवक्ता जय नारायण मण्डलले गत बर्षको ५० लाख नगरपालिकाले भुक्तानी दिएको बताए। वडा नम्बर ८ का अध्यक्ष समेत रहेको प्रबक्ता मण्डलले आफ्नो वडामा समेत केही भेपरलाईट नगरपालिकाले पठाएको बताए। कति सामान गरिद गरी कसलाई दियो तथा सो वापतको भुक्तानी बारे आफूलाई केही जानकारी नगराउने गरेकाले यस सम्बन्धमा के-हुदैछ भन्ने बारे आफूलाई कुनैकुरा थाहा नभएको उनले बताए।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले आफू हाजिर हुनुभन्दा पहिलेनै विभिन्न फर्म/कम्पनीको नामबाट सामान खरिद गरेको भन्ने सुन्नमा आएको बताए।

उनले अहिले थप ३४ लाख रुपैयाँ सडक बत्तीको विजुलीका सामान खरिद वापत भुक्तानीको लागि भनिए पनी उक्त फायल अख्तियारले झिकाएकोले अख्तियारलाई बुझाइएको बताए।

सडकमा बत्ती जडान भए-नभएको सम्बन्धमा आफूलाई थाहा नभएको तथा यसमा आफ्नो कुनै संलग्नता समेत नरहेको उनले दाबी गरे।

# नगदे बाली फेर्दै किसान



**टुडे समाचारदाता**

जलेश्वर। चार दशकअघि पुस/माघको लगलगी मुटु कमाउने जाडोमा पनि बारनघर (सुर्ती सुकाउने पक्कीघर) मा पस्नासाथ खलखली पसिना आएको बालापन महोत्तरीको बर्दिबास-६ कृष्णपुर बनराटोलका ६५ वर्षीय इन्द्रबहादुर शाहीले बिर्सेका छैनन्। आफ्नो बस्ती र छिमेकका बस्ती जहाँ हेरे पनि भर्जिनियाँ सुर्ती खेतीमात्र देखिने चार दशकअघिको कुरा अब स्मृतिमा मात्र रहेको शाही बताउछन्।

'जुन गाउँबस्तीमा हेर्‍यो, बारनैबारन ! फाँटभरि सुर्तीका लहलहाउँदा बोट। अनि हिउँद लाग्यो कि सुर्तीका पात टिप्ने, पात फट्टा (भाटा) गाँथ्ने, सुर्तीको पात गाँथिएको फट्टा बारनघरमा झुण्ड्याउने र सात दिनपछि फट्टा निकाल्ने चटारो हुन्थ्यो', लयमा हुने सुर्ती खेतीका काम सम्झँदै सोही बस्तीका रघु काफ्ले भन्छन्, "देख्दादेख्दै जिल्लाको उत्तरी क्षेत्रका बस्तीपिच्छे देखिने बारनघर ढले, अब त सुर्ती खेती नै कतै गरेको देखिँदैन।" समूहमा गरिने त्यो कामको रमाइलो शाही, काफ्ले र उनका पुस्ताका किसानलाई अझै सम्झना छ।

चार दशकअघिसम्म जिल्लाका उत्तरी क्षेत्रका हालका बर्दिबास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रका करिब एक सयभन्दा बढी बस्तीको मुख्य खेती नै भर्जिनिया सुर्ती थियो। समयक्रममा जनकपुर चुरोट कारखाना धरासायी बन्दै गएसँगै बारनघरका लागि कोइला र दाउराको अभाव हुन थालेपछि घट्दै गएको यो खेतीको अहिले कतै देखिँदैन। भर्जिनियाँ सुर्ती खेती सुकेपछि किसानले केही समय सुकाउन बारनघर नचाहिने नाटु सुर्ती रोजे। केही वर्षमै जनकपुर चुरोट कारखानाले सुर्ती लिन छाडेपछि किसानले बाध्य भएर यो खेती पनि छाड्न पर्‍यो। त्यसपछि उखुखेतीमा पसेका किसानको पछिल्ला केही वर्षयतादेखि यसप्रतिको आकर्षण पनि घट्दै गएको देखिँदैछ। एक दशकअघि महोत्तरीका गाउँ/टोल जताततै देखिने उखुखेती पछिल्ला पाँच/छ वर्षयता निकै पातलिएको छ। २०७० अघि केही वर्ष १८ हजार बिघासम्म गरिने उखुखेती त्यसयता घट्दै गएर पाँच हजार बिघामा झर्‍यो। पछिल्ला दुई वर्षयता फेरि उखु खेती अलिअलि बढ्दै गएर यसपालि सात हजार बिघामा पुगेको छ।

जिल्लामा केही वर्षअघिसम्म करिब १८ हजार बिघासम्म पुगेको उखुखेती यसपालि आइपुग्दा सात हजार बिघाको आसपासमा झरेको छ। अहिलेको सात हजार बिघा पनि पछिल्ला तीन वर्षयता भुक्तानी सहज बनेपछि बढेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउछन्। "तीन वर्षअघि त उखुखेती पाँच हजार बिघामा झरेको थियो, पछिल्ला वर्षमा क्रमशः बढ्दै गएको छ" कुशवाहा भन्छन्, "चिनी उद्योगले भुक्तानी अलि सहज बनाए पनि फसलको मूल्य निर्धारण समयमा नहुँदा किसानको जाँगर मरेको छ।" किसान यसको विकल्प के होला भनेर घोत्लिन थालेको कुशवाहा बताउछन्।

उखुमात्र नभएर पछिल्ला तीन/चार दशकभित्रको विगत हेर्दा किसानले चाँडचाँडै खेती फेर्दै आएका छन्। खासमा गहुँ धान, मकैलगायतका अन्नबाली लगाइने क्षेत्रफल धेरै घटबढ नभए पनि नगदे खेती भने फेरिँदै आएको यहाँका पाका किसान बताउँछन्। नगदे खेती मुख्य व्यवसाय हुने महोत्तरीका किसान भरपर्दो परिवेश नमिल्दा बराबर खेती फेर्ने गर्छन्। उद्योगमा देखिएको उतारचढाव, खेतीमा पर्ने प्रकोप र लागत असरले यहाँका किसान यसो गर्दा पो होला कि भन्ने आशमा केही वर्षभित्रै नगदे खेती फेर्नु परेको बताउँछन्।

एउटै किसानको जीवनमा कैयौं पटक नगदे खेती फेरिएका अनुभव छन्। अहिले उमेरले ६० नाघ्नु भएका भङ्गाहा-४ रामनगरका किसान सत्यनारायण यादवले किसानी जीवनका थुप्रै उतारचढाव आफैंले भोगेका छन्। पछिल्ला १५ वर्षयता नगद आर्जनका लागि तरकारी खेती सुरु गरेका यादवले समयसमयमा मौसमको प्रतिकूलता भए पनि अझै हरेस खानुभएको छैन। यसमै आफूलाई घोटी रहेको छ तर मौसमीय प्रतिकूलता र विभिन्न थरिका किराको प्रकोपले तरकारी खेतीको लागत बढ्दै गएपछि अब के गर्ने भन्ने चिन्ताले यादवलाई छोएको छ। पछिल्ला चार/पाँच वर्षयता यादवले अन्नबाली बढाउँदै लगिएको बताए।

यसैगरी बर्दिबास-७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादवका पनि खेतीपातीभित्रका तीतामीठा अनुभव छन्। पाँच दशकदेखि निरन्तर खेतीमा डोरिएका विन्देश्वरले आफ्नै जीवनमा भर्जिनियाँ सुर्ती, उखुपछि तरकारी खेतीमा हात हालेका छन्। पछिल्ला करिब दुई दशकदेखि विन्देश्वरको दैनिकी तरकारीका बोट, लहरा सहलाउँदै बित्दैछ। सात बिघामध्ये तीन बिघा जग्गामा तरकारी खेती गर्दै आएका विन्देश्वरको जग्गामा अहिले आलु, कोवी, भाण्टा, खोर्सानी र लहरे तरकारी (लौका, फर्सी, घिरौँला, करेला, झिमनी आदि) मुख्य तरकारी बाली हुन्। अब पछिल्ला केही वर्षयता तरकारी खेतीमा लागत बढ्दै गएर प्रतिफल राम्रो आउन छाडेपछि अब के गर्ने भन्ने यादवमा चिन्ता बढेको छ। खासमा केही वर्षयता तरकारी बालीमा अत्यधिक किराको प्रकोप बढेको बताउने उनी अब त विषादीले पनि किरा चिन्न छाडेको उनी बताउँछन्।

मौसमी तरकारीभन्दा बेमौसमी तरकारी बालीमा किरा र रोगको प्रकोप बढी हुने गरेको उनको अनुभव छ। "म यहीँ हुर्केको हुँ, १५/२० वर्षअघि बालीमा यस्ता रोग लाग्दैनथे, यी औषधि पनि थिए कि थिएनन् ? अहिले त यी थरिथरिका किरा र रोगले हतो हैरान नै पारेका छन्।" पहिले धान, मकै, कोदो, गहुँजस्ता परम्परागत अन्न बाली लगाउने गरेको सम्झँदै पछिल्ला वर्षहरुमा क्रमशः समयमा पानी नपर्ने, कहिले कुसमयमै मुसलधार पानी पर्ने, लामो खडेरी पर्ने, शीतलहरको प्रकोप बढ्नेजस्ता समस्या बढेपछि सुर्ती खेती, उखुखेती हुँदै अहिले तरकारी खेतीमा लागेको विन्देश्वरको भनाइ छ। पहिले महिना, नक्षत्रका आधारमा अनुमान गरेर बाली लगाउन गरिने तयारी पछिल्ला वर्षहरुमा मेल खान छाडेपछि खेती पनि बदलिँदै जानुपरेको उनको भनाइ छ।

विन्देश्वरका समवयी अरु किसान पनि पुराना अनुभव सम्झँदै अब पहिलेजस्तो महिना र मौसमको पात्रो मिल्न छाडेको बताउँछन्। "हेर्नोस् न, असार १५ ताका मज्जाले पानी पर्छ भनेर धान रोप्ने रोपार खोजिन्थ्यो, त्यस्तै हुन्थ्यो पनि", बर्दिबास-९ पशुपतिनगरका ६५ वर्षीय किसान महेन्द्र महतोले भने, "बर्खा लागेपछि पानी परी रहन्थ्यो, कुला चल्थे, त्यस्तो रोगब्याधी पनि लाग्दैनथ्यो, पछिल्ला १५/२० वर्षयता अनुकूल वर्षा नहुँदा कुलो चल्नु त परै जाओस् खानेपानीका इनार पनि सुक्दै गएर बर्सेनि रिङ हाल्नु परिरहेको छ।"

# 'ड्रोन'मार्फत जग्गाको नापजाँच

**टुडे समाचारदाता**

मलंगवा । हरिवन नगरपालिकाले 'ड्रोन'प्रविधिमार्फत जग्गाको नापजाँच सुरुआत गरेको छ। नगरभित्रका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा प्रदान गर्नका लागि ड्रोनमार्फत जग्गाको नापजाँच थालिएको हरिवन नगर प्रमुख रमेश बुढाथोकीले जानकारी दिए।

उनका अनुसार दुई महिनाभित्रमा नगरपालिकाभित्रका ११ वटै वडामा जग्गाको नापजाँच गर्ने काम सम्पन्न हुने छ। हरिवन -१ स्थित कोठीखोला र सिकारी टोलबाट ड्रोनमार्फत जग्गाको नापजाँच शुभारम्भ गरिएको छ। सो प्रविधि मार्फत जग्गा नापजाँच गर्दा जनशक्ति तथा समयको पनि बचत हुने भएकाले चाँडै नै भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा प्रदान गर्न सजिलो हुने नगर उपप्रमुख हरिमाया घलानले बताए। उनले ड्रोन तथा डिजिपीएस प्रणालीको विधिबाट काम गर्दा अन्यभन्दा १० गुणा बढी प्रभावकारी हुने भएकाले पनि ड्रोनको प्रयोग सुरु गरिएको जानकारी दिए।

हरिवन-१ का विभिन्न स्थानको अभिलेख तयार गरी नापी र मालपोत कार्यालय हरिवनको समन्वयमा राष्ट्रिय भूमि आयोग सर्लाहीमा पेस गरिने भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीलाई छिट्टै जग्गाधनी पुर्जा प्रदान गरिने हरिवन नगरपालिको भूमि सेवा केन्द्रका प्रमुख सुवाश कुशवाहाले बताए। उनका अनुसार नगरपालिकाभरि भूमिहीन सुकुम्बासी एक हजार २०, भूमिहीन दलित दुई सय ९१ र अव्यवस्थित बसोबासी दुई हजार पाँच सय २१ जनाको फारम हालसम्म अनलाइनमा प्रबिष्ट गरिइएको छ।

# बौद्धिक अपाङ्गता भएका व्यक्तिको संरक्षणमा जोड

**टुडे समाचारदाता**

राजविराज। बौद्धिक अपाङता भएका व्यक्तिको संरक्षण र उनीहरुलाई सक्षम बनाउन राज्यसँगै अभिभावकले पनि भूमिका खेल्नुपर्नेमा जोड दिइएको छ।

बौद्धिक अपाङताका अभिभावक महासंघ नेपालको आयोजना, लेभ द इन्क्लुजन डेनमार्कको सहयोग तथा बौद्धिक अपाङताका अभिभावक संघ सप्तरीको समन्वयमा आयोजित दुई दिने नीति, निर्माण कार्यशालाको समापन पश्चात् बुधबार आयोजित कार्यक्रममा सहभागि वक्ताहरुले यस्तो जोड दिएका हुन्।

कार्यक्रममा बौद्धिक अपाङगताका अभिभावक महासंघ नेपालका राष्ट्रिय अध्यक्ष राजु बस्नेतले अपाङगता भएका व्यक्तिलाई परिवार वा अन्य कुनै पनि व्यक्तिबाट अमानविय र अपमानजनक व्यवहार गर्न नहुनेमा जोड दिँदै यसका लागि अभिभावक र राज्य दुबै गम्भिर बन्नु पर्ने बताए।

यदी समाजमा कतै यस्तो घटना भइरहेको छ भने खबरदारी गर्न र समुदायस्तरमा सचेतनासँगै सरोकारवाला निकायमा जानकारी गराउनु पर्ने उनको आग्रह थियो। बौद्धिक अपाङगताका अभिभावक संघ



सप्तरीका अध्यक्ष जगदीश प्रसाद अर्यालले अपाङ भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रुपमा आफ्नो परिवार वा आफूले छनौट गरेको वासस्थानमा बस्ने अधिकार भएको भन्दै त्यस्तो व्यक्तिलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिनु कानुनले निषेध गरेको भन्दै यसतर्फ सबै अभिभावक सजग रहनु पर्ने बताए।

दुई दिनसम्म चलेको कार्यशालामा बौद्धिक अपाङगता भएका व्यक्तिका २५ जना अभिभावक सहभागि थिए। उनीहरुलाई महासंघका राष्ट्रिय अध्यक्ष बस्नेतले बौद्धिक अपाङगता भएका व्यक्तिको संरक्षण, सुरक्षा, राज्यमा पहुँच तथा व्यवस्थापन बारे आवश्यक तालिम प्रदान गरेका थिए।

# लोसपा मधेश प्रदेश संसदीय दलका नेता शर्माको सेवासुविधा बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्माको सेवासुविधामाथि प्रदेशसभाले बन्देज गरेको छ। मधेश प्रदेशको प्रदेशसभा सचिवालयले माघ महिनादेखि नै संसदीय दलका नेतासमेत रहेका शर्माको सेवासुविधा बन्द गरेको हो।

मंसिर २८ मा महोत्तरी जिल्ला अदालतले असई थमन विक हत्याप्रकरणमा मधेश प्रदेशका पूर्वराज्यमन्त्री शर्मालाई जन्मकैदको फैसला गरेको थियो।

माघ १४ गते संसदीय दलका नेता शर्माको अदालतले गरेको फैसलाको प्रतिलिपि प्रदेशसभाको सचिवालयले प्राप्त गरेसंगै उनको सेवासुविधा बन्द




गरेको छ भने प्रदेशसभा सदस्यको पदबाटसमेत निलम्बनका लागि उजुरी परेको जनाइएको छ। माघ महिनादेखि लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका नेता शर्माको सम्पूर्ण सेवासुविधा रोक्का गरिएको सभामुख रामचन्द्र मण्डलले जानकारी दिए।

०७२ भदौं २८ मा दोस्रो मधेश आन्दोलनका बेला महोत्तरीको एक गाउँमा भएका सशस्त्र प्रहरीका असई थमन विकको हत्या अभियोगमा महोत्तरी जिल्ला अदालतले शर्मासहित ७ जनालाई जन्मकैदको फैसला गरेको थियो।

जन्मकैदका सजाय पाएका शर्मा महोत्तरी क्षेत्र नं. ३ (क)बाट दोश्रो पटक प्रत्यक्ष निर्वाचित सांसद हुन्।

सभामुख मण्डलले औपचारिकरुपमा अदालतबाट फैसलासहितको पत्र आएपछि वा ७० दिन कटेपछि शर्मालाई पदबाट निलम्बन गर्न सकिने प्रावधान रहेको बताए।

जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएदेखि नै शर्मा फरार छन्।

# मधेश विश्वविद्यालयद्वारा वार्ता र संवादका लागि आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश कृषि विश्वविद्यालयमा गरिएको तालाबन्दीनखुल्दा अध्ययन अध्यापनदेखि प्रशासनिक कामकाजसमेत लामो समयदेखि अवरुद्ध रहेकाले ध्यानाकर्षण भएको भन्दै वार्ता र संवादका आह्वान गरेको छ।




मधेश विश्वविद्यालयमा गरिएको तालाबन्दीले दैनिक प्रशासनिक कार्य अवरूद्ध रहेकोले सम्बन्धित पक्षलाई वार्ता र संवादको माध्यमबाट समस्या समाधानका लागि आव्हान गरेको हो। विश्वविद्यालयका रजिष्ट्रार डा. श्रीभगवान ठाकुरद्वारा हस्ताक्षरित अनुरोध पत्रमा तालाबन्दीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै विश्वविद्यालयको अध्ययन अध्यापन तथा दैनिक कार्यलाई सहज रुपमा संचालन गर्ने वातावरण सहज गर्नका लागि सरोकारवालाहरुलाई आग्रह समेत गरेको छ। जारी गरिएको विज्ञप्तिमा भनिएको छ- 'बर्तमान अवस्थामा रहेको रोजगारी, खाध संकट तथा शिक्षा आर्जन गर्न विद्यार्थीहरु विदेशिने बेलामा राजविराज ३ सप्तरीमा अवस्थित मधेश प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको मधेश कृषि विश्वविद्यालय मिति २०८० माघ ७ गतेदेखि अवरुद्ध रहेकोले विश्वविद्यालयको ध्यानाकर्षण भएको छ, अनुरोध पत्रमा भनिएको छ, उक्त कार्यले बि.एससी. एजि द्वितीय सेमेस्टरका सम्पुर्ण छात्रछात्राहरुको अध्यन, अध्यापन, फर्म, रजिष्टेशन लगायत नयाँ भर्ना तथा दैनिक प्रशासनिक कार्य अवरुद्ध रहेकोले सम्बन्धित पक्षसंग बार्ता तथा संवादद्वारा समस्या समाधानका लागि आव्हान गर्दछु।' सो कार्यमा सौहाद्रपुर्ण वातावरण बनाइदिन हुन सम्बन्धित सबै सरोकारवालासंग अनुरोधसमेत गरेका छ।

मधेश कृषि विश्वविद्यालयमा जनमत पार्टीले विभिन्न सात सुत्रीय माग राखेर माघ ७ गते विश्वविद्यालयको कार्यालयमा तालाबन्दी गरेको छ। तालाबन्दीका कारण विश्वविद्यालयको पठनपाठनसहित सम्पुर्ण कामकाज नै प्रभावित छ। तालाबन्दीले विश्वविद्यालयको अतिआबश्यक काम कारवाही पनि ठप्प छ।


जनमत पार्टीका नेतासमेत रहेका मधेश प्रदेशका पूर्वशिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवले विश्वविद्यालयमा विवाद खडा गर्दै तालाबन्दी गराएपछि अध्ययन अध्यापनलगायतका प्रशासनिक कामकाजसमेत अवरुद्ध छ। उनले विश्वविद्यालयको भवन शिलान्यास कार्यक्रम प्रति असन्तुष्टी जनाउँदै तालाबन्दी गराएको थियो।

# रङ्गीन काउली

**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिका–२४ का किसान रतन साहले विभिन्न रङ्ग र फरक स्वादका काउली फलाउन सफल भएका छन्। उनले उत्पादन गर्नुभएको गुलाबी र पहेँलो रङ्गका आकर्षक उक्त काउली हेर्न अहिले घुइँचो नै लाग्न थालेको छ।

उनले भने"सात वर्षपहिले वैदेशिक रोजगारीमा हुँदा इन्टरनेटमा यस्तो काउली देखेकाले थिएँ। स्वदेश फर्किएपछि भारतबाट काउलीको बीउ झिकाए। परीक्षणका लागि पाँच धुर जग्गामा लगाए। राम्रो उत्पादन भयो। बजार राम्रो पाएकाले आगामी दिनमा पाँच कट्ठामा तरकारी खेती विस्तार गर्ने सोचमा छु।"



उनले एक किलोसम्मको काउली फलाउनुभएको थियो। "यसको रङ्ग र स्वाद फरक भएकाले बजारमा पुर्‍याउनसाथ बिक्री हुन्छ। यो जातको काउलीको बीउको मूल्य अन्य जातको भन्दा करिब पाँच गुणा बढी पर्दछ," किसान साहले भने, "आगामी दिनमा अझै धेरै यस्तै काउली उत्पादन गर्ने विचारमा छु।" उनले सोमबार मात्र १६ किलो उक्त काउली प्रतिकिलो दुई सय दरले बिक्री गरेका थिए।

खेतमा रङ्गीन काउली अवलोकन गर्न आउनेको घुइँचो लागेको उनले जानकारी दिए। "सबैतिर यस काउलीको चर्चा चलेकाले वास्तवमा कस्तो रहेछ भनेर अवलोकनका लागि आएको हुँ। अहिले हेरिसकेपछि मनै आनन्दित भयो।" प्रधानाध्यापक कुशेश्वर यादवले भने।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८